# भोजपुरको पौवादुङमा गाउँपालिका वडा नं. ६ मा बस्ने दुङमाली भाषी राईहरुको शैक्षिक अवस्थाः एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय

समाजशास्त्र केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह

समाजशास्त्र विषयको आंशिक आवश्यकता

परिपूर्तिको लागि पेश गरिएको

शोधपत्र


शोधकर्ता

रेखा न्यौपाने

त्रि.वि. दर्ता नं. ६-१-१-३४०-२००४

कक्षा रोल नं. ५५७/०६८



समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

वि.सं. २०७४

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र केन्द्रीय विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह पुरा गर्ने प्रयोजनको लागि मेरो निर्देशन र सुपरिवेक्षणमा रेखा न्यौपानेले “भोजपुरको पौवादुङमा गाउँपालिका वडा नं. ६ मा बस्ने दुङमाली भाषी राईहरुको शैक्षिक अवस्था” एक समाजशास्त्रीय अध्ययन विषयक शोध-पत्र तयार पार्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

........................................

डा. प्रमोद भट्ट

शोध सुपरिवेक्षक

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मितिः २०७४/१२/१६

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशाश्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको निमित्त रेखा न्यौपानेद्वारा तयार पारिएको "भोजपुरको पौवादुङमा गाउँपालिका वडा नं. ६ मा बस्ने दुङमाली भाषी राईहरुको शैक्षिक अवस्था" एक समाजशास्त्रीय अध्ययन नामक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधिको लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

**हस्ताक्षर**

विभागीय प्रमुख

प्रा.डा.तुलसी राम पाण्डे ............................

बाह्य परीक्षक

दिपेश घिमिरे ............................

शोधनिर्देशक

डा. प्रमोद भट्ट ............................

मिति २०७४/१२/२५

# प्रतिवद्धता-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि मैले तयार गरी प्रस्तुत गरेको “भोजपुरको पौवादुङमा गाउँपालिका वडा नं. ६ मा बस्ने दुङमाली भाषी राईहरुको शैक्षिक अवस्था” एक समाजशास्त्रीय अध्ययन विषयक सोधपत्र मेरो आफ्नो कार्य हो र यसमा पहिले नै प्रस्तुत गरेका कुनै पनि सामाग्री प्रयोग गरेको छैन । साथै यो सामाग्री प्रयोग गरी अन्य शैक्षिक उपाधि प्राप्त गर्नसमेत प्रयोग गरेको छैन ।

रेखा न्यौपाने

शोधकर्ता

मिति २०७४/१२/१६

# कृतज्ञता-ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकायअन्तर्गत स्नातकोत्तर तह (एम.ए) दोस्रो वर्षको समाजशास्त्र विषयको सोधपत्र लेखन स्नातकोत्तर उपाधीको आंशिक आवश्यकता पूर्ति गर्न यस सोधपत्र तयार गरिएको हो । यो सोधपत्र तयार गर्न आफ्नो कार्य व्यस्तताका बावजुद पनि महत्वपूर्ण समय उपलब्ध गराई सोधपत्र अध्ययन गरी विभिन्न सल्लाह सुझाव प्रदान गर्दै सोधकार्यमा प्रोत्साहन गर्नुहुने सोध सुपरिवेक्षक आदरणीय गुरु डा. प्रमोद भट्टप्रति हार्दिक आभार व्यक्त गर्दै विभागका सम्पूर्ण गुरुहरु प्रति पनि कृतज्ञता प्रकट गर्न चाहन्छु ।

ठूलोदुम्मास्थित विद्यालयहरु, पौवादुङमा गाउँपालिका ६ नं. वडा कार्यालय लगायत त्यस कार्यालयका पदाधिकारी तथा सचिव र अन्य व्यक्तित्वप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो सोधपत्र तयार गर्न महत्वपूर्ण सहयोग, सल्लाह र सुझाव उपलब्ध गराउनुहुने सम्पूर्ण महानुभाव प्रति धन्यवाद ज्ञापन गर्दछु ।

रेखा न्यौपाने

शोधकर्ता

मिति २०७४/१२/१६

# विषय सूची


| | |
|---|---|
| **परिच्छेद : एक - परिचय** | **१-६** |
| १.१. पृष्ठभूमि | १ |
| १.२. समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४. अध्ययनको महत्व | ४ |
| १.५. अध्ययनको सीमा तथा क्षेत्र | ५ |
| १.६. अध्ययनको सङ्गठन | ६ |
| **परिच्छेद : दुई - साहित्यिक पुनरावलोकन** | **७-१४** |
| नेपालमा शैक्षिक विकासको इतिहास | ७ |
| शैक्षिक विकासमा भएका सामाजिक असमान्ता र परिवर्तन | ९ |
| **परिच्छेद : तीन - शोधविधि** | **१५-१७** |
| ३.१. अध्ययन क्षेत्रको छनौटको औचित्य | १५ |
| ३.२ तथ्याङ्कको स्रोत तथा संकलन विधि | १५ |
| ३.२.१ प्राथमिक स्रोत | १६ |
| ३.२.२ द्वितीय स्रोत | १६ |
| ३.३ तथ्याङ्क विश्लेषण | १६ |
| **परिच्छेद : चार - अध्ययनको नतिजा तथा विश्लेषण** | **१८-३८** |
| ४.१. भोजपुरको संक्षिप्त परिचय | १८ |
| ४.२ अध्ययन क्षेत्रको परिचय | १८ |
| ४.३. दुङमाली भाषी राईको शैक्षिक अवस्था | २० |
| ४.३.१ औपचारिक शिक्षाको सुरुवात | २० |
| ४.३.२ विद्यालयको सुरुवात | २१ |

४.३.३ विद्यालयमा सहभागिता २३

शिक्षामा सहभागिताको अवस्था २६

**परिच्छेद :पाँच - निश्कर्ष** **३९-४१**

**सन्दर्भ-सामग्री** **४२-४३**

परिशिष्ट नं. १ : सर्वसाधारण व्यक्तिलाई सोध्ने प्रश्नावलीको नमुना ४४

परिशिष्ट नं. २ : प्रमुख व्यक्तिलाई सोध्ने प्रश्नावलीको नमुना ४५

# परिच्छेद : एक
# परिचय

## १.१. पृष्ठभूमि

विश्व मानचित्रमा नेपालको भौगोलिक अवस्थिति २६डिग्री २२ मिनेट उत्तरी अक्षांशदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेट देखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । नेपालको पूर्व-पश्चिम लम्बाइ ८८५ कि.मि. र उत्तर दक्षिण चौडाई १९३ कि.मि. छ । एसियाका दुई ठूला राष्ट्रहरू चीन र भारतको बीचमा अवस्थित नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. रहेको छ (के.सी., २०५९:१) । विश्वमा नेपाल एक अत्यन्तै प्राचीन देश हो । प्रागैतिहासिक कालदेखि नै नेपालमा मानिसहरूको बसोबास भएको देखिन्छ भने प्राचीनकालदेखि नै नेपालमा आर्य र मङ्गोल दुवै समुदायका मानिसहरूको प्रवेश भएको पाइन्छ (उप्रेती र थापा, २०५३:१) । नेपालमा शासन गर्ने गोपाल, महिषपाल, किरात, लिच्छावी, मल्ल तथा शाहवंशीय शासकहरु बाहिरबाट नै आएका हुन् । यसरी शासकदेखि जनतासम्म अनेकौँ जनजातिहरुको संगमस्थलका रुपमा विकसित नेपालमा २०६८ सालको जनगणनानुसार १२५ जातजातिका मानिसहरूको बसोबास रहेको छ ।

वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापनापश्चात् नेपालमा आधुनिक र औपचारिक शिक्षाको विस्तार व्यापक रुपमा भयो । विगत ७० वर्षमा प्राथमिक विद्यालयको संख्या ९३ गुणाले तथा माध्यमिक विद्यालयहरुको संख्या ५७९ गुणाले वृद्धि भएको छ (भट्ट सन् २००९) । यसो हुँदाहुँदै पनि सबै नेपालीले शिक्षामा समानुपातिक सहभागिता जनाउन सकेका छैनन् । नेपालीहरुको दुर्गम क्षेत्रमा बसोबास, जात र फरक लिङ्ग, शक्तिविहीनता तथा केन्द्रसँगको भौगोलिक दुरीका कारण शिक्षामा पछाडि परेको मान्न सकिन्छ । मातृभाषा नेपाली नहुनु तथा दुर्गम क्षेत्रमा बस्नु नै यी जातिहरु शिक्षाबाट वञ्चित हुनुका मुख्य कारणहरु हुन् । यस्तै दलितका लागि जातिय छुवाछुत र गरिवी प्रमुख कारण रहेका छन् भने महिलाहरुका लागि परिवार र समाजमा लेंगिक आधारमा हुने भेदभाव नै प्रमुख रहेको छ (डिएफआईडी र विश्वबैंक सन् २००६) । भौगोलिक दुरी, आफ्नो जात, लिङ्ग, सामाजिक तथा सांस्कृतिक कारणबाट विभिन्न जातजातिहरु शिक्षामा पछाडी परेको अवस्था छ । ( पुन, सन् २०११)

शिक्षित मानिसमा नैतिक, राजनीतिक तथा सामाजिक चेतना रहेको पाइन्छ । जुन चेतनाको प्रयोगले उसले समाजमा परापूर्वक कालदेखि चलिआएको कुरितीहरुको घोर विरोध गर्दछ। समाजमा एउटा सकरात्मक परिवर्तन ल्याउदँछ । यति हुँदाहुँदै पनि यी शिक्षित मानिसहरुले जानीनजानी समाजमा एउटा नयाँ प्रकारको असमानता सिर्जना गर्न पुग्छन् र उनीहरु शिक्षित भएर समाजमा प्रतिष्ठित हुन्छन् । तर यसका साथसाथै उनीहरुले जस्तै शिक्षा आर्जन गर्ने मौका नपाउने समूहहरु अशिक्षित कहलिन पुगी समाजमा घृणित हुनपुग्छन् (भट्ट, सन् २०११) । यस्ता कारणले गर्दा पनि सामाजिक विभेद र असमानता हटाउन सबै मानिसलाई शिक्षा जरुरी छ भनी शिक्षा एउटा आधारभूत आवश्यकताको विषय बन्न पुग्यो ।

नेपाली समाजको यो बहुजातीय फूलबारीभित्र सुविधावञ्जित समूहमा पर्ने राई जाति (जनजाति वर्गीकरण कार्यदल, २०६०) नेपाल राज्यको पूर्वी क्षेत्रमा बसोबास गरेका छन् । भोजपुर जिल्लामा राई भाषा बोल्ने जनसंख्या ६१२०६ (राष्ट्रिय जनगणना २०६८ र भोजपुरको पार्श्वचित्र २०७४:७) छ । दुङमाली भाषा बोल्ने राईको जनसंख्या भोजपुर जिल्लामा लगभग ५००० भएतापनि भोजपुर जिल्लाको साविक ठूलोदुम्मा गाविस हाल पौवादुङमा गाउँपालिका वडा नं ६ मा दुङमाली भाषा बोल्ने राईको जनसंख्या २१२६ छ । जुन त्यस क्षेत्रको जम्मा जनसंख्याको ८६ प्रतिशत हो । लगभग ७३ प्रतिशत दुङमाली भाषी राईहरु साक्षर छन् । (साविक ठूलोदुम्मा गाविस पार्श्वचित्र २०७१:७) दुङमाली भाषा बोल्ने राईहरू भोट-बर्मेली समूहको भाषा बोल्छन् र किराँत, हिन्दू तथा बौद्ध दुवै धर्ममा विश्वास गर्दछन् अर्थात् दुवै धर्म अवलम्बन गर्दछन् । दुङमाली भाषा बोल्ने राई जातिमा मङ्गोलियन विशेषता रहेको पाइन्छ । सोझा तथा मिलनसार प्रवृत्तिका दुङमाली भाषा बोल्ने राईहरू परिश्रमी र लगनशील भनेर चिनिन्छन् ।

दुङमाली भाषा बोल्ने राईहरूको परम्परागत व्यवसाय कृषि, पशुपालन, बाँसका विभिन्न घरायसी सामानहरू निर्माण गर्नु, डकर्मी, सिकर्मीको काम गर्नु आदि मुख्य हुन् । लाहुरे(भारतिय सेना तथा वृटिस सेना)मा पनि यहाँका राईहरुको उल्लेख्य सहभागिता रहेको छ । खानेपानी यहाँको मुख्य समस्या हो । कम खानेपानी मुहान भएको यस ठाउँमा ०७२ सालको भूकम्पपछि धेरै मुहान सुकेको अवस्था छ । खानेपानीलाई स्थानीयले “खानेपानी छोरीको दाइजो” पनि भन्ने गर्दछन् ।

विद्यालयमा शिक्षामा दुङमाली भाषी राईहरुको सहभागिता दिन प्रतिदिन बढ्दै गएको अवस्था छ । वि.स. २०२८ सालमा प्राथमिक विद्यालय स्थापना भएको ठूलोदुम्मामा हालसम्म ३२ जनाले एसएलसी वा सोभन्दा माथिको अध्ययन गरिसकेका छन् । विद्यालय शिक्षामा दुङमाली भाषी राईको सहभागिता राम्रै भएता पनि उच्च शिक्षामा भने न्यून नै रहेको छ । राज्यद्वारा वहिष्करणमा पारिएको भनिएका यी दुङमाली भाषी आदिवासी जनजाति राई समुदायले शिक्षाको गोरेटो कसरी निर्माण गरे? हाल विद्यालय शिक्षा र उच्च शिक्षामा कस्तो सहभागिता रहेको छ? भन्ने विषयमा अध्ययन गरिएको छ । भौगोलिक दुर्गमता तथा सामाजिक परिवेश तथा केही हदसम्म असमावेशी राज्य व्यवस्थाका कारण यस क्षेत्रमा विद्यालय शिक्षाको सुरुवात ढिलो भएता पनि विद्यालय स्थापना हुनुमा सामाजिक र राजनीतिक सम्बन्धहरुको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । यस सोधपत्रको चौथो खण्डमा ठूलोदुम्मामा भएको शिक्षाको सुरुवात, विद्यालय शिक्षामा ठूलोदुम्मा भित्रका विभिन्न विद्यालयहरुमा यस ०७४ को शैक्षिकसत्रमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या तथा शिक्षामा दुङमाली भाषी राईहरुको सहभागिता विषय उल्लेख गरिएको छ ।

## १.२. समस्याको कथन

नेपालमा जनसख्याको ठूलो हिस्सा ग्रमीण क्षेत्रमा बसोबास गर्छन भने ती मध्ये पनि राई जातिहरु बढी मात्रामा यस इलाकामा बसोबास गरिएको पाइन्छ । उनीहरुको समाजिक, आर्थिक अवस्था कमजोर रहेको पाइन्छ । फलस्वरुप शैक्षिक अवस्था पनि कमजोर रहेको पाउछौ । यस्ता सामाजिक रुपले पिछडिएका र आर्थिक रुपले विपन्न जनजाति भएकोले नीति अनुसार गाउँगाउँमा र टोलटोलमा विदालयहरु स्थापना गरिएका छन् । तथापि यसरी विद्यालयको संख्या बढे पनि अन्य जातिहरुको तुलनामा राई जातिको बालबालिकाहरुको विद्यालयमा सहभागी दर न्यून रहेको छ । अर्को तर्फ सामाजिक एवं जातिगत परम्पराको असर पनि शिक्षामा रहेको पाइन्छ ।

दुङमाली भाषी राई समुदायहरुको सामाजिक, आर्थिक, शैक्षिकलगायतका पक्षहरुमा हालसम्म अध्ययन नभएकोले नजिकबाट जानकारी लिन यो अध्ययन गरिएको हो । दुङमाली राई समुदाय छुट्टै पहिचान बोकेको राई समुदाय भएकोले निजहरुको ऐतिहासिक, सांस्कृतिक तथा अन्य जातिय विषयमा जानकारी लिन अध्ययन गरिएको छ । मानवीय आवश्यकता मध्येको एक प्रमुख आवश्यकताको रूपमा मानिने शिक्षा सर्वसुलभ बनाउन

नेपाल सरकारले प्रतिवद्धता जाहेर गरेको छ । "सबैको लागि शिक्षा" कार्यक्रमको माध्यमबाट पिछडिएको वर्ग, लिङ्ग, जाति आदिको लागि समेत समावेशी शिक्षाको कार्यक्रमहरू लागू भैरहेका छन् । साथै शिक्षा सबै वर्ग जाति, लिङ्ग र समुदायमा पुऱ्याउन खोजिएको छ । बहुजातीय घेराभित्र सुविधावञ्चित समूहमा नेपालका काठमाडौंदेखि पूर्वमा रहेका राई जातिमध्ये दुङमाली भाषा बोल्ने राई जातिका मानिसहरू प्रायः भोजपुरमा रहेका छन् । त्यहाँका राई जातिको पहिले र हालको शैक्षिक स्थिति कस्तो छ? आदि विषयहरूलाई प्रामाणिक स्रोतहरूका आधारमा खोज-अनुसन्धान गरी प्रस्तुत गर्नु नै यस अध्ययनको समस्या कथन रहेको छ ।

## १.३. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन्

क) भोजपुर जिल्ला साविक ठूलोदुम्मा गा.वि.स. हाल पौवादुङमा गाउँपालिका वडा नं. ६ मा बसोबास गरिरहेका दुङमाली भाषा बोल्ने राई जातिको शैक्षिक सहभागितामा आएको परिवर्तनलाई ऐतिहासिक रुपमा विश्लेषण गरी शिक्षामा आएको परिवर्तन बारे जानकारी लिनु।

ख) ठूलोदुम्माका दुङमाली भाषा बोल्ने राई जातिको पहिले र हालको शैक्षिक अवस्थाको बारेमा प्रकाश पार्दै शिक्षामा विभिन्न तत्वले पार्ने प्रभाव र शैक्षिक उपलब्धी बृद्धि गर्ने उपाय पत्ता लगाउनु ।

## १.४. अध्ययनको महत्व

यस अध्ययनबाट प्राप्त निष्कर्षले शिक्षा र राई जातिसँग प्रत्यक्ष वा परोक्ष रूपमा चासो राख्ने शिक्षक, विद्यार्थी, समाज, विषयविद, शिक्षाविद्, सरकारी तथा गैरसरकारी संस्थाहरू र शैक्षिक संस्थाहरूलाई नीति नियम कार्यान्वयन र निर्णय गर्नका लागि समेत सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

अनुसन्धानकर्ता तथा सरोकारवालालाई उपयोगी स्रोत सामग्रीको रूपमा रहन्छ । पाठ्यक्रम निर्माताहरूलाई समयसापेक्ष पाठ्यक्रम परिमार्जन गर्न मद्दत पुऱ्याउछ । शिक्षाका नीतिनिर्माता तथा योजनाकारहरूलाई शैक्षिक नीति तथा योजना निर्माण गर्न सहयोग पुऱ्याउछ । शैक्षिक लगानीकर्ताहरूलाई शिक्षामा लगानी गर्न आधार प्रदान गर्नेछ । जनजाति

उत्थानमा लागेका व्यक्तिहरू विद्यार्थी, बुद्धिजीविहरूलाई योजना, नीतिनिर्माण र कार्यान्वयनमा सहयोग पुऱ्याउछ ।

यस शोध अनुसन्धानको महत्व यस प्रकारको रहेको छः-

क) यस अध्ययनबाट दुङमाली भाषा बोल्ने राई जातिको शैक्षिक अवस्थाको बारेमा जानकारी लिन।

ख) दुङमाली भाषा बोल्ने राई जातिको हित र कल्याणार्थ खोलिएका विभिन्न सरकारी एवं गैरसरकारी संस्थालाई अध्ययन र वास्तविक जीवनस्थिति केही मात्रमा बुझ्न सहयोग पुग्न ।

ग) दुङमाली भाषा बोल्ने राई जातिको बारेमा जिज्ञासा राख्ने विभिन्न जिज्ञासुहरूलाई यसले सहयोग पुऱ्याउनुका साथै दुङमाली भाषा बोल्ने राई जातिका बारेमा हुने भावी अनुसन्धानमा यो अध्ययन एक सहयोगी बन्ने आशा गर्न सकिन्छ भने दुङमाली भाषा बोल्ने राई जातिको बारेमा गरिएको यस अध्ययनले नेपालको जातीय इतिहासमा एक इँटा थप्ने विश्वास गर्न सकिन्छ ।

## १.५. अध्ययनको सीमा तथा क्षेत्र

यस अध्ययनमा सबै जातजाति, भाषाभाषीको अवस्थाको साथै देशभरका सबै दुङमाली भाषा बोल्ने राई जातिको अध्ययन सम्भव नभएकाले १ नं. प्रदेश, भोजपुर जिल्लाको साविक ठूलोदुम्मा गा.वि.स. हाल पौवादुङमा गाउँपालिका वडा नं. ६ का दुङमाली भाषा बोल्ने राई जातिको शैक्षिक अवस्थाको मात्र अध्ययन गरिएको छ । अध्ययनस्थल उद्देश्यात्मक तरिकाले छानिएकोले छनोटमा निश्पक्षता नहुनु यसको कमजोर पक्ष हो । लालिगुँरास प्रा.वि, जाल्पा प्रा.वि. र ज्योति प्रा.वि.बाट अघिल्ला शैक्षिक वर्षका विद्यार्थी विवरण प्राप्त नभएकोले यस ०७४ को शैक्षिक वर्षमा अध्ययनरत विद्यार्थीहरुको विवरण मात्र समावेश गरी अध्ययन गरिएको छ ।  यसले केही हदसम्म दुङमाली भाषा बोल्ने राई जातिको संस्कार, धर्म र संस्कृतिको पनि प्रतिनिधित्व गरेको छ। यही सीमाभित्र नै यस अध्ययनलाई सीमित गरिएको छ ।

## १.६. अध्ययनको सङ्गठन

यस अध्ययन अन्तर्गत परिच्छेद एकमा नेपालका दुङमाली भाषा बोल्ने राईहरूको बारेमा परिचय, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा तथा क्षेत्र अध्ययनको संगठन रहेका छन् । परिच्छेद दुईमा साहित्यिक पुनरावलोकन समावेश गरिएको छ भने परिच्छेद तीनमा सोधविधिअन्तर्गत अध्ययन क्षेत्रको छनोटको औचित्य, तथ्याङकको स्रोत, तथ्याङक विश्लेषण आदि समावेश गरिएको छ । परिच्छेद चारमा भोजपुर जिल्ला साविक ठूलोदुम्मा गा.वि.स. हाल पौवादुङमा गाउँपालिका वडा नं. ६ का दुङमाली भाषा बोल्ने राई जातिको शैक्षिक अवस्था, ठूलोदुम्मा गा.वि.स. को शैक्षिक स्थिति, दुङमाली भाषा बोल्ने राई जातिको शैक्षिक स्थिति समावेश गरिएको छ । परिच्छेद पाँचमा निष्कर्ष र अन्त्यमा सन्दर्भ सामग्री एवं परिशिष्टहरू रहेका छन् ।

# परिच्छेद - दुई
# साहित्यिक पुनरावलोकन

**नेपालको शैक्षिक विकासको इतिहासः**

मानव सभ्यताको विकासका क्रममा शिक्षाको थालनी भएको पाइन्छ । परापूर्वकालमा अनौपचारिक तरिकाले ठूला, ज्ञानी व्यक्तिबाट मानिसहरू शिक्षा प्राप्त गर्ने गर्दथे । त्यतिबेला शिक्षाको प्रमुख स्थलको रूपमा घरपरिवार थियो । घरमा बाबुआमाले छोराछोरीलाई क्रमशः छोरालाई घर व्यवहार सम्बन्धी र छोरीलाई घरको कामकाज सम्बन्धी शिक्षा दिने गरिन्थ्यो । प्राचीन कालमा दिइने शिक्षाप्रणाली धार्मिक भावनाबाट ओतप्रोत थियो । घरपरिवारको शिक्षा प्राप्त गरेपछि अरू शिक्षाका लागि गुरुकुल, आश्रम, मठमन्दिर र गुम्बाहरूमा जानु पर्दथ्यो । शिष्यले गुरूपुरोहितको घरमा गएर लिने शिक्षाप्रणालीलाई गुरुकुल शिक्षाप्रणाली भनिन्थ्यो (शर्मा, २०४३:१५-१६) । नेपालमा शिक्षाको विकास वास्तवमा लिच्छविकालीन शासनव्यवस्थादेखि नै शुरु भएको पाइन्छ तर त्यस अवधिको शिक्षा सीमित वर्गका व्यक्तिहरूलाई गुरुकुल र गुम्बा विहारमा दिइने हुँदा त्यति चर्चा भएको पाइँदैन । संस्कृत शिक्षालाई गुरुकुलको शिक्षा भनिन्थ्यो । यस शिक्षामा शिष्यहरू जंगल तथा तपोभूमिमा गुरुको कुटीमा रहेर गुरुको सेवा गरी शिक्षा प्राप्त गर्दथे । गुरु पनि आफ्ना शिष्यको सेवाबाट सन्तुष्ट भई शिक्षा दिन्थे । यसरी नै पछि गएर जातिपाति अनुसार शिक्षा दिने व्यवस्थाको समेत विकास भएको पाइन्छ (पण्डित, २०६३:४७) ।

शिक्षा जुनसुकै धर्म, जुनसुकै देश, जाति तथा समुदायका मानवका लागि आधारभूत आवश्यकता हो। संसारको शिक्षा विकासको क्रमलाई हेर्दा समान किसिमले सबै ठाउँमा शिक्षाको अवसर प्राप्त नभएको इतिहास छ । हरेक देशका आ-आफ्नै निजी र मौलिक विशेषता हुन्छन् । आफ्नो देशको आवश्यकता अनुसार शिक्षाप्रणालीलाई अङ्गीकार गरिएको हुन्छ (शर्मा, २०६४:८९) । नेपालमा प्रचलित शिक्षाहरूलाई सामान्यतया परम्परागत संस्कृति शिक्षा, व्यावसायिक शिक्षा र पशिचमी गरी तीन तहमा विभक्त गर्न सकिन्छ ( के.सी.२०५९:२०९) । पूर्वीय शिक्षाअन्तर्गत सामान्य अर्थमा घरगृहस्थ वा गुरुकुलीय पाठशालामा अध्ययन/अध्यापन गरिने वेदान्त हो, जहाँ मूलतः संस्कृत, साहित्य, धर्मशास्त्र, पुराण आदिबारे अध्ययन/अध्यापन गरिन्छ (के.सी., २०५९:२०९) । व्यावसायिक शिक्षा

भनेको काष्ठकला, मूर्तिकला, वास्तुकला, औषधी शिक्षा, संगीत शिक्षा आदिलाई लिन सकिन्छ। यस प्रकारका शिक्षाहरू लिच्छविकालदेखि नै नेपालमा प्रचलनमा रहेको पाइन्छ । पूर्वीय शिक्षा निकै उन्नतशील भइसकेको अवस्थामा खास गरी भारतमा ब्रिटिस साम्राज्यको विस्तारका कारण नेपालमा पनि पाश्चात्य शिक्षाको विकास भएको पाइन्छ । नेपालमा पाश्चात्य शिक्षाको सूत्रपात गर्ने व्यक्ति राणाप्रधानमन्त्री जंगबहादुर राणा हुन् । उनले इ. १८५० मा बेलायत भ्रमण गरेपश्चात नेपालमा पाश्चात्य शिक्षाको शुरुवात गरेका थिए ( के.सी., २०५९:२१०-२११) ।

लिच्छविकालमा कला, संस्कृति र शिक्षाको विकासमा ध्यान गएको थियो र त्यस बेला वेद, व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष आदि विषयमा उच्चस्तरको पढाइ हुन्थ्यो । मल्लकालमा पनि सर्वसाधारणका लागि शिक्षा आदान-प्रदानका लागि औपचारिक बन्दोबस्त भएको थिएन । जयस्थिति मल्लले आफ्ना प्रजालाई विभिन्न व्यावसायिक समूहमा विभाजन गरेर सीप सिकाउने व्यवस्था गरेका थिए । बाइसे, चौबीसे राज्यकालमा पनि संस्कृत भाषामा राज्यका राजा तथा राजकुमारको पढाइ पुरोहितबाट शुरु हुन्थ्यो । त्यस बेलाको शिक्षामा वेद, व्याकरण, न्याय, दर्शन, ज्योतिष, धर्मशास्त्र पढाउनुका साथै कर्मकाण्ड र नैतिक शिक्षासमेत दिइने गरिन्थ्यो (शर्मा, २०६४:८९) । नेपालको एकीकरण भएपछि पृथ्वीनारायण शाह र उनका वंशजहरूले सैनिक जवानका टुहुरा बच्चाहरूलाई राष्ट्रको तर्फबाट सैनिक शिक्षा दिने र राज्यको तर्फबाट छात्रवृत्ति दिने, संस्कृत र फारसी पढ्न तथा विभिन्न प्राविधिक ज्ञान, सीप सिक्न छात्रवृत्ति दिएर देशबाहिर पठाएका थिए । राणाकालीन शिक्षा सर्वसाधारणका लागि खुला रहन कठिन भयो । वि.सं. १९०७ मा राणाप्रधानमन्त्री जंगबहादुर राणाले बेलायतको भ्रमण गर्दा त्यहाँ भएको शिक्षाको विकास देखेर अंग्रेजी शिक्षाबाट प्रभावित भई आफ्ना सन्तानहरूलाई शिक्षा दिन बेलायतको शिक्षाप्रणाली अनुसार वि.सं. १९१० मा अंग्रेजी स्कूल स्थापना गरी अंग्रेजी शिक्षा दिन थाले । पछिल्ला दिनहरूमा राणा प्रधानमन्त्रीहरूले स्कूलहरूको संख्यामा केही थप गरे तापनि जनताको पहुँचमा शिक्षा सर्वसुलभ भएन (शर्मा, २०६४:९०) । नेपालमा भएको शिक्षाको विकासमा बझाङी राजा जयपृथ्वीबहादुर सिंहको देन उल्लेखनीय छ । उनी आफू पनि शिक्षित थिए र शिक्षाको विकासविना उन्नति सम्भव छैन भन्ने धारणा राख्दथे । उनले बझाङबाट ७-८ जना व्यक्तिहरूलाई काठमाडौंमा विभिन्न विषयको अध्ययन गर्न पठाएका थिए । त्यस समयमा नेपालमा अंग्रेजी र संस्कृत विषयमा पठनपाठन हुन्थे । नेपाली भाषा लोप हुन लागेको देखेर

जयपृथ्वीबहादुर सिँहले नेपाली भाषामा पढाउन सकिने गरी केही पुस्तकहरू पनि तयार पारेका थिए (खत्री र अन्य २०५३:१०५-१०६) । यसरी नेपालमा शिक्षाको प्रचलन सर्वसाधारण बर्गमा धेरै पछि अझ भन्ने हो भन्ने राणाकालको अन्त्यपछि मात्र शुरु भएको हो भन्दा अन्यथा नहोला ।

वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलनपश्चात् नेपालमा आधुनिक र औपचारिक शिक्षाको विस्तार व्यापकरुपमा भयो । विगत ७० वर्षमा प्राथमिक विद्यालयको संख्या ९३ गुणाले तथा माध्यमिक विद्यालयहरुको संख्या ५७९ गुणाले वृद्धि भएको छ (भट्ट सन् २००९) । शिक्षित मानिसमा नैतिक, राजनीतिक तथा सामाजिक चेतना रहेको पाइन्छ । समाजमा एउटा सकरात्मक परिवर्तन ल्याउदँछ । यस्ता कारणले गर्दा पनि सामाजिक विभेद र असमानता हटाउन सबै मानिसलाई शिक्षा जरुरी छ भनी शिक्षा एउटा आधारभूत आवश्यकताको विषय बन्न पुग्यो । २०२८ सालमा शिक्षालाई गुणस्तरीय बनाउन सरकारले नयाँ शिक्षा योजना लागू गऱ्यो । यस नयाँ शिक्षा योजना लागू भएपछि शिक्षा पहिलेको तुलनामा निकै बढी विकास भएको पाइन्छ । पछिल्लो समयमा स्कुल स्थापना धेरै भएका छन् । चौधौ योजना (२०७३/०७४-७५/७६) अनुसार माध्यमिक तहको खुद भर्ना दर ४५ प्रतिशत, १५/२४ उमेर समूहको साक्षरता दर ९२ प्रतिशत र प्राथमिक तहमा भर्नादर सतप्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ । माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने व्यवस्थासमेत संविधानले गरेको छ ।

## शैक्षिक विकासमा भएका सामाजिक असमानता र परिवर्तन

### सामाजिक असमानता

नेपालमा २००७ सालको प्रजातान्त्रिक परिवर्तनपछि औपचारिक शिक्षाको सुरुवात भएता पनि यस क्रममा विभिन्न सामाजिक विभेदहरु रहेको पाइन्छ । प्राचिन मानव सभ्यताको समयमा पनि सामाजिक विभेदीकरणको अस्तित्व रहेको थियो । व्यक्तिगत योग्यता, क्षमता र कार्यदक्षता निपूर्णता असक्षमता शक्ति सम्पन्नता तथा विपन्नता जातियता पेशा व्यवसाय आदि विभिद कारणले गर्दा समाजमा सामाजिक असमानताको खाडल र पहुँच दह्रो रुपमा रहेको पाइन्छ । सामाजिक विभिदीकरणका बारेमा प्राचित समयदेखि नै विभिन्न दार्शनिक तथा समाजशास्त्रीहरुले आफ्ना विचार वा चिन्तनहरु प्रस्तुत गर्दै आएका छन् । प्रसिद्ध विद्वान् प्लेटोले आदर्श राज्यको परिकल्पना गर्दै समाजलाई विभिन्न

वर्गमा विभाजन गर्ने कामको बाँडफाँड गर्ने तथा अनुशासन कायम गर्ने चिन्तन प्रस्तुत गरेका छन् । प्लेटोले यी चिन्तनहरुबाटै सामाजिक विभेदीकरणको चिन्तन प्रादुर्भाव भएको हो। उनको चिन्तनमा अवसरको समानता निजी सम्पत्तिको उन्मूलन तथा साझा कल्याणकारी समाजको निर्माण रहेको छ (शर्मा एण्ड शर्मा, २०७०)

सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको संम्लेननले सन् २००० सम्म "सबैका लागि शिक्षा" भन्ने घोषणापत्र जारी गऱ्यो । यस सम्मेलनले सुविधाजनक समूहका साथै असुविधाजनक समूहहरू जस्तै महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो । त्यसैअनुरूप नेपालले सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि साऱ्यो (काफ्ले, सिन्हा र श्रेष्ठ, २०७०) ।

शिक्षामा समान सहभागिता समान अवसर दिनुपर्छ भन्ने कुराहरु भएता पनि नेपाली समाजमा विभिन्न सामाजिक भेदभावहरु हुन पुगे । जस्तैः सामाजिक विभेद, गरिव घरपरिवार, जातिगत अन्धविश्वास, अशिक्षित र निरक्षर अभिभावक, पारिवारिक जिम्मेवारी सम्हाल्नुपर्ने बाध्यता, जातिगत विभेद जस्ता विभिद कारणले गर्दा राई बालबालिकाको विद्यालयमा सहभागिता कम रहन गयो (ढकाल, २०७०) ।

विगत १५ वर्षमा शिक्षाका सबैजसो सूचकहरुमा सुधार भएको देखिन्छ । १५ वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरुको साक्षरता दर ३६ प्रतिशतबाट बढेर ५६ प्रतिशत पुगेको छ । यो उमेर समूहका महिलाहरुको साक्षरता दरमा पूरुषको भन्दा केही बढी सुधार भएको छ । सन् १९९५/९६ को सर्भेक्षणमा कुनै समयमा कहिल्यै कुनै शैक्षिक संस्थामा भर्ना भएर पढेका १४ वर्ष माथिका व्यक्तिहरु ३४ प्रतिशत थिए भने सन् २०१०/११ मा आएर यो प्रतिशत ५५ पुगेको छ । यिनीहरुको औषत शैक्षिक अवधि ७ बाट विगत १५ वर्षमा १ वर्ष बढेर सन् २०१०/११ मा ८ वर्ष पुगेको छ । नेपल जीवनस्तर तेस्रो सर्भेक्षणका अनुसार प्राथमिक तह, निम्नमाध्यमिक तह र माध्यमिक तहको खुद उपस्थिति दर क्रमशः ६९, २७ र १५ प्रतिशत रहेको छ । पहिलेका २ सर्भेक्षणहरुमा भने खुद उपस्थिति दरको सट्टा खुद भर्ना दर प्रकाशित गरिएको छ । जसअनुसार सन् १९९५/९६ मा प्राथमिक तहको खुद भर्ना दर

५७ प्रतिशतमात्र भएकोमा सन् २००३/०४ यो दर ७२ पुगेको थियो । यसै अवधिमा निम्नमाध्यमिक तहको दर १९ बाट २९ र माध्यमिक तहको दर ९ बाट बढेर १५ प्रतिशत पुगेको थियो । नेपालको जम्मा साक्षरता दर ६१ प्रतिशत रहेको छ । पुरुष ७२ प्रतिशत छ भने महिलाहरु ५१ प्रतिशत साक्षर छन्  (नेपाल जीवनस्तर सर्भेक्षण २०११)।

**शैक्षिक परिवर्तन**

विगत ७० वर्षमा नेपालमा औपचारिक शिक्षामा व्यापक सुधार भएको छ । प्रत्येक गाउँगाउँमा विद्यालयहरु खुलेका छन् । टोलटोलका अभिभावकहरुमा आफ्ना बालबालिकालाई औपचारिक शिक्षा दिनुपर्छ, विद्यालयमा पढाउनुपर्छ भन्ने भावनाको विकास भएको छ । नपढेमा काम पाइन्न भन्ने भावनाको विकास भएको छ । विभिन्न जनजातिहरु शैक्षिक वहिष्करणमा पर्नुको मुख्य कारण विद्यालयसँग तिनीहरुको भाषिक तथा सांस्कृतिक दुरीलाई लिन सकिन्छ । मातृभाषा नेपाली नहुनु तथा दुर्गम क्षेत्रमा बस्नु नै यी जातिहरु शिक्षाबाट वञ्चित हुनुका मुख्य कारणहरु हुन् । यस्तै दलितका लागि जातिय छुवाछुत र गरिवी प्रमुख कारण रहेका छन् भने महिलाहरुका लागि परिवार र समाजमा लेंगिक आधारमा हुने भेदभाव नै प्रमुख रहेको छ । बालबालिकाको वंशाणुगत गुण, वातावरणीय प्रभाव, सामाजिक र सांस्कृतिक परिवेश, घर परिवार, साथी समूह, आर्थिक अवस्था, राजनैतिक अवस्था कक्षा व्यवस्थापन अन्तरदृष्टि सिकाई क्षमता, रूचि चाहना क्षमता कक्षाकोठा, शिक्षक, संगत, आर्थिक, भौतिक पक्ष, राजनैतिक अवस्था, धार्मिक सांस्कृतिक, भाषा आर्थिक अभाव, चेतनाको कमी, ठूलो परिवार, मातृभाषामा शिक्षण नहुनु, रोजगारी नपाइनु, साँस्कृतिक प्रभाव, जातिय भेदभाव, लैंगिक विभेद आदिले स्कुलमा भर्ना हुने नहुने राम्रो गर्ने नगर्ने जस्ता पक्षहरुलाई प्रत्यक्ष प्रभाव पार्दछ (ढकाल ०७०) ।

अभिभावकहरू कृषि पेशामा संम्लग्न भएकाले घरयासी कामकाजमा छोराछोरी संम्लग्न हुनुपर्ने, आवश्यक कापी कलम किन्न नसक्ने, सानै उमेरमा विवाह, भाषिक कठिनाई आदि कारणले विद्यालयमा राई बालबालिकाहरूको सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनले विद्यालयमा राई जातिका बालबालिकाको शैक्षिक सहभागिता वृद्धि गराउन विद्यालयले छात्रवृत्ति, पोशाक, खाजाको सुविधा जस्ता प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने, समुदायमा पनि शैक्षिक जागरण फैलाउनुपर्ने, चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने उपाय प्रस्तुत गरेका छन् (भट्टराई २०७०)।

प्राथमिक विद्यालयमा बालबालिकाको सहभागिता बढाउन र उनीहरूलाई टिकाइराख्न विद्यालयको वातावरणले बालबालिकालाई आकर्षण गर्नसक्नु पर्दछ । कक्षाकोठा रुचिपूर्ण हुनु, शिक्षकले उनीहरूप्रति गर्ने व्यवहार मैत्रीपूर्ण हुनु, बालमैत्री विद्यालय बनाइ उनीहरूको विद्यालयप्रति सकारात्मक भावना जगाउन सक्नु जस्ता कार्यले बालबालिकाको विद्यालय सहभागिता बढाउन सक्दछ (शिक्षा विभाग, २०७०) ।

गुणस्तरीय शिक्षाले मूलुकको सम्पूर्ण सामाजिक विकास गर्ने तथा गरिवी निवारण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ (यूएनडिपी, २००३, विश्वबैंक, १९९९) । जब विद्यालय स्थापना भयो । विद्यालय एउटा नयाँ विचार र आवाजको संगमस्थल बन्न पुग्यो । जहाँ एक नयाँ प्रकारका मान्छेको सिर्जना हुन थाल्यो । शिक्षित मानिसमा नैतिक, राजनीतिक तथा सामाजिक चेतना रहेको पाइन्छ । जुन चेतनाको प्रयोगले उसले समाजमा परापूर्वक कालदेखि चलिआएको कुरितीहरुको घोर विरोध गर्दछ । समाजमा एउटा सकरात्मक परिवर्तन ल्याउदँछ । यति हुँदाहुँदै पनि यी शिक्षित मानिसहरुले जानीनजानी समाजमा एउटा नयाँ प्रकारको असमानता सिर्जना गर्न पुग्छन् र उनीहरु शिक्षित भएर समाजमा प्रतिष्ठित हुन्छन् । यसका साथसाथै उनीहरुले जस्तै शिक्षा आर्जन गर्ने मौका नपाउने समूहहरु अशिक्षित कहलिन पुग्छन् । त्यसैले औपचारिक शिक्षाको महत्व बढ्न पुग्यो (स्किनर एण्ड होलेण्ड, सन् २०११) ।

विभिन्न कालखण्डमा हिन्दु धर्म र संस्कृतिलाई प्रोत्साहत गरिनु, नेपाली भाषामा मात्र पठनपाठन गरिनु र पिछडिएका आदिवासी जनजातिको समग्र विकासको निम्ति विशेष कार्यक्रमहरु लक्षित नगरिनुले राज्य संयन्त्रमा यी सामुदायको कम रहेको छ । यसरी राज्यबाट आदिवासी जनजातिहरु माथि गरिएको विभेदकारी नीतिले गर्दा आज उनीहरुको शैक्षिक अवस्था कमजोर रहेको छ (गुरुङ्ग र सुवेदी (२०६४)) ।

शिक्षाका सम्बन्धमा विद्वानहरुले परिभाषित गरेतापनि समग्ररुपमा मानिसहरुमा भएका क्षमताको विकास गरी एउटा समक्ष व्यक्ति बनाउने प्रक्रिया नै शिक्षा हो । जीवन प र्यन्त चलिरहने शिक्षण प्रक्रिया नै शिक्षा हो । शिक्षाका व्यक्तिगत र सामाजिक उद्देश्यहरु रहेका हुन्छन् । सामाजिक उद्देश्यमा संस्कृतिको संरक्षण, मानवीय सम्बन्ध, आर्थिक दक्षता, नागरिकताको ज्ञान र ज्ञान र प्रविधिको विकास आदि पर्दछन् । शिक्षाले व्यक्तिको प्रतिभालाई प्रस्फुटन गर्न सहयोग गर्ने, नैतिकवान बनाउने, सीपयुक्त बनाउने, सामाजिकीकरण गर्ने,

मानव संसाधनको विकास गर्ने, सम्पत्तिको संरक्षण गर्ने बनाउने भएकोले समाजले शिक्षालाई महत्व दिनथाल्यो ।

बालबालिकाको वंशाणुगत गुण, वातावरणीय प्रभाव, सामाजिक र सांस्कृतिक परिवेश, घर परिवार, साथी समूह, आर्थिक अवस्था, राजनैतिक अवस्था कक्षा व्यवस्थापन आदिले प्रत्यक्ष प्रभाव पार्दछ । राई विद्यार्थीको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरु आर्थिक अभाव, चेतनाको कमी, ठूलो परिवार, मातृभाषामा शिक्षण नहुनु, रोजगारी नपाइनु, साँस्कृतिक प्रभाव, राजनैतिक प्रभाव आदि लाई हल गर्नसके शैक्षिक सहभागिता बढ्ने सरोकारवालाहरू व्यक्त गर्दछन् । समयको वेगसँगै राईहरुमा पनि शैक्षिक चेतना बढी रहेको छ । जसका कारण कृषिमा बढी निर्भर राईहरु परम्परागत मूल्यमान्यता संस्कारलाई छोड्दै आफ्ना सन्तानहरुको शिक्षामा लगानी गर्न थालेका छन् । उत्तरदाताहरुका अनुसार शिक्षित भएपछि लेखापढीको कुनै पनि काम गर्न अरुको भर पर्नुनपर्ने हस्ताक्षर गर्न सक्ने आफ्नो दैनिक जीवनमा आईपर्ने व्यवहारिक समस्या समाधान गर्न सक्ने आफ्ना वालवालिकाहरुको पढाईमा सामान्य निर्देशन गर्नसक्ने तथा सानोतिनो व्यापार व्यवसाय र आर्थिक कारोबार गरेर आत्मनिर्भर बन्न सक्ने भइदौं रहेछ भन्ने बुझी राई समुदायका व्यक्तिहरुले आफू अनपढ तथा अशिक्षित भए पनि आफ्ना बालबच्चाहरु शिक्षित हुन भन्ने चाहनाले आफ्ना बालबच्चालाई शिक्षाको उज्यालो घामबाट वञ्चित गराउनु हुँदैन भनी बालबच्चालाई शैक्षिक सहभागिता गराउनुपर्छ भन्ने सकरात्मक धारणा विकास भएको देखिन्छ ।

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा २६ मा लेखिएको छः प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । प्रारम्भिक शिक्षा निःशुल्क र अनिवार्य हुनेछ । मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो बनाउनेतर्फ शिक्षाको प्रसार गरिने छ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरूका बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराईने छ र शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्रसंघका प्रयत्नहरूलाई बढाइने छ । छोराछोरीलाई दिइने शिक्षा रोज्ने अधिकार आमाबाबुलाई हुनेछ (शर्मा २०७०) ।

फ्लायस रिर्पोट २०१७ का अनुसारः नेपालमा विद्यालयमा विद्यार्थी भर्नादर सन् २०१६/२०१७ मा ८२ प्रतिशत पुगेको छ भने सन् २०२३ सम्म ९४ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । कक्षा १ देखि ८ कक्षासम्मको भर्नादर सन् २०१६ मा ८९ प्रतिशत छ

भने सन् २०२३ सम्म शतप्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । कक्षा १ देखि १० कक्षासम्मको कक्षा भर्नादर ७० प्रतिशत २०१६ मा छ भने २०२३ मा ९० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । सन् २०१७ मा साक्षरता प्रतिशत ६ वर्षभन्दा माथि ७८ प्रतिशत रहेको छ । ठूलोदुम्मा गाविसको पाशर्वचित्र, २०७१ अनुसार ठूलोदुम्माको हालको कक्षा १ देखि १० सम्मको भर्नादर यकिन नभए पनि २०७१ सालसम्म ठूलोम्मामा ६ वर्षमाथिका ८३ प्रतिशत मानिस साक्षर हुनुका साथै ६ देखि १५ वर्षसम्मका ९७ प्रतिशत मानिस साक्षर छन् ।

**नेपालमा शिक्षासम्बन्धी नीतिगत व्यवस्था**

नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ । धारा ३१ को उपधाराहरुमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच पुऱ्याइने, माध्यमिक तहसम्मको शिक्षा निशुल्क प्रदान गरिने भन्ने उल्लेख छ । अपांगता तथा आर्थिक रुपले विपन्न मानिसहरुलाई कानूनबमोजिम निशुल्क शिक्षाको व्यवस्था हुने र विभिन्न जाति समुदायले आफ्नो मातृभाषाबाट शिक्षा लिन विद्यालय खोल्न र चलाउन पाउने व्यवस्था संविधानले गरेको छ । राष्ट्रिय विकासका लागि चाहिने जनशक्ति तयार गर्न र जनताको सदाचार, शिष्टाचार तथा नैतिकता कायम गर्न शिक्षा आवश्यकता पर्दछ भन्नेसमेत शिक्षा ऐनले व्यवस्था गरेको छ । त्यस्तै शिक्षा नियमावली र शिक्षा नीतिले समेत शिक्षित समाज निर्माण गर्न मार्गदर्शन गरेका छन् ।

# परिच्छेद-३

# शोधविधि

प्रस्तुत अध्ययन निम्न विधि अवलम्बन गरी तयार गरिएको छः-

## ३.१. अध्ययन क्षेत्रको छनौटको औचित्य

यो अध्ययनका लागि १ नं. प्रदेशको भोजपुर जिल्लाको साविक ठूलोदुम्मागा.वि.स. हाल पौवादुङमा गाउँपालिका वडा नं. ६ लाई 'अध्ययन क्षेत्र' छनौट गरिएको छ । यस क्षेत्रमा दुङमाली भाषा बोल्ने राई समुदायलाई नै अध्ययनका लागि छनौट गर्नुको औचित्य यस प्रकार रहेको छ ।

(क) शोधकर्ता अध्ययन क्षेत्र आसपासको स्थायी बासिन्दा हुनाले र अहिलेसम्म यस क्षेत्रका दुङमाली भाषा बोल्ने राई जातिको शैक्षिक अवस्थाका बारेमा अध्ययन भएकाले नहुनाले ।

(ख) वर्तमानसम्म यस गा.वि.स. का दुङमाली भाषा बोल्ने राई जातिका बारेमा कसैले अध्ययन नगरेको हुनाले ।

(ग) दुङमाली भाषा बोल्ने राई जातिको अध्ययन अनुसन्धान गरी जनसमक्ष ल्याउने तीव्र इच्छा भएकाले ।

## ३.२ तथ्याङ्कको स्रोत तथा संकलन विधि

भोजपुर जिल्लाको साविक ठूलोदुम्मा गा.वि.स.मा बसोबास गर्ने कूल ४०० घरधुरी दुङमाली भाषा बोल्ने राईहरूको रहेको छ । यिनै ४०० घरधुरी नै अध्ययनको समग्र स्रोतका रूपमा रहेका छन् । यसमा कुनै नमुना छनौट गरिएको छैन । अध्ययनको क्रममा ४०० घरधुरीमध्ये २० घर धुरीबाट प्रश्नावलीका आधारमा (परिशिष्टहरु १ र २ मा उल्लेख गरिएको छ । तथ्याङ्क सङ्कलन गरी प्रकाश पारिएको छ । साथै दुङमाली भाषा बोल्ने राई जातिका बारेमा जानकार विज्ञहरूसँग पनि आवश्यक स्रोत लिइएको छ ।

### ३.२.१ प्राथमिक स्रोत

यस स्रोत प्रयोग गर्दा जम्मा ४०० घर धुरीमध्ये २० घर धुरीमा गई परिशिष्ट नं. १ मा उल्लिखित नमूनाअनुसार जम्मा २० जना व्यक्तिहरुसँग अन्तर्वार्ता गरिएको छ । जसमा १० जना पूरुष र १० जना महिलालाई लिइएको छ । यसरी नै परिशिष्ट नं. २ को नमूनाअनुसार प्रमुख व्यक्तिहरु (विशिष्ट व्यक्ति) ५ जनासँग अन्तर्वार्ता गरिएको छ । यस अन्तर्गत अध्ययनकर्ता स्वयं उपस्थित भई उत्तरदाताहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिने तथा विशेषविज्ञ व्यक्तिसँगको अन्तर्वार्ता तथा अवलोकन गरी अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । दुङमाली भाषा बोल्ने राई जातिको शैक्षिक अवस्था तथा विविध पक्षहरूसँग सम्बन्धित तथ्यहरू प्राथमिक तथ्याङ्कको रूपमा सङ्कलन गरिएको छ ।

### ३.२.२ द्वितीय स्रोत

यस शोधपत्र तयार पार्नका लागि द्वितीय स्रोतबाट पनि विभिन्न तथ्याङ्कहरू लिइएको छ । यस अन्तर्गत विभिन्न संघ-संस्थामा रहेका अभिलेख र मुख्य गरी दुङमाली भाषा बोल्ने राई समुदायसँग सम्बन्धित पुस्तक, पुस्तकालय, विद्यालय, गा.वि.स तथा पत्रपत्रिकाको सहयोग लिइएको छ । त्यसका अलावा भोजपुर जिल्लाको पार्श्वचित्र, ठूलोदुम्माको पार्श्वचित्र, विद्यालय सुधार योजना लगायत स्थानीय तहमा उपलब्ध हुने सामग्री र विभिन्न शोधपत्रको समेत अध्ययन गरी वा सहयोग लिई शोधपत्र तयार गरिएको छ ।

## ३.३ तथ्याङ्क विश्लेषण प्रक्रिया

प्रस्तुत सोधपत्र तयार गर्न विभिन्न स्रोतहरुको खोजी गरिएको छ । भोजपुर जिल्लाको ठूलोदुम्मामा गई त्यहाँका दुङमाली भाषी ४०० घरहरुमध्ये २० घरका घरमूलीसँग त्यहाँको पेशा, सामाजिक जनजीवनसँग सम्बन्धित प्रश्नहरु, विद्यालयको औपचारिक शुरुवात, शिक्षाप्रतिको धारणा लगायतका विषयहरुमा प्रत्यक्ष अन्तर्वार्ता लिइएको छ । त्यहाँका विद्यालयको भौतिक अवस्थाको प्रत्यक्ष अवलोकन गरिएको, प्रधानाध्यापक तथा शिक्षक र समाजसेवीहरुसँग त्यहाँका दुङमाली भाषी राईको शिक्षाप्रतिको धारणा, शिक्षाको पहिले र अहिलेको अवस्था, औपचारिक शिक्षाको शुरुवात, विद्यालयहरुको हालको अवस्था लगायतका विविध विषयमा प्रत्यक्ष संवाद गरी प्रश्नहरु सोधिएको छ । विद्यालयहरुको

विद्यालय सुधार योजना, पूर्व शिक्षकसँगको कुराकानी, भोजपुर जिल्लाको पार्श्वचित्र साथै ठूलोदुम्माको पार्श्वचित्रले पनि यो सोधपत्र तयार गर्न सहयोग गरेको छ। यसबाट विद्यालयप्रतिको दुङमाली भाषी राईको धारणा, औपचारिक शिक्षाको पहिले र अहिलेको अवस्था आदिको बारेमा विश्लेषण गर्न सहज भएको छ । त्यहाँका राई जतिको दैनिक जनजीवन, पेशा तथा व्यवसाय र शैक्षिक अवस्था आदिको बारेमा प्रत्यक्ष अवलोकनका साथै प्राप्त स्रोतहरुका आधारमा अध्ययन गरिएको छ । विद्यालयबाट प्राप्त तथ्याङकका आधारमा पहिले र अहिलेको अवस्थाको बारेमा तुलना गरिएको छ ।

# परिच्छेद : चार

# अध्ययनको नतिजा तथा विश्लेषण

## ४.१. भोजपुरको संक्षिप्त परिचयः-

नेपाल राष्ट्रको कुल क्षेत्रफलमध्ये लगभग १.००५ भूभाग ओगटेको भोजपुर जिल्लाको क्षेत्रफल १५२२ वर्ग कि.मी. रहेको छ । यो जिल्ला विश्व मानचित्रमा २६।५३ डिग्री देखि २७।४६ डिग्री उत्तरी अक्षांश र ८५।२७ डिग्री देखि ८६।०६ डिग्री पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ। सदरमुकाम भोजपुर समुद्री सतहबाट १५४० मिटरको उचाईमा अवस्थित छ । जिल्लाको पूर्व पश्चिम औसत चौडाई ३५ कि.मी. र उत्तरदक्षिण औसत लम्बाई ९३ कि.मी. रहेको छ (भोजपुर जिल्ला पार्श्वचित्र २०७४:२)। पहिले यस जिल्लाको पुरानो नाम सिद्धपुर थियो । यस जिल्लाको प्रशिद्ध धार्मिकस्थल सिद्धकालीको नाउँबाट यसको नामाकरण भएको हुनसक्दछ, पृथ्वीनारायण शाहले माँझ किराँत विजय गर्दै आउँदा यस ठाउँलाई जितेपछि खुशियालीमा भोज खाएको र बाँकी रहेको भोज यही ठाउँमा पुरेर गएको हुनाले यसको नाम सिद्धपुरबाट भोजपुर रहन गएको हो भन्ने किम्वदन्ती रहेको पाइन्छ । यस जिल्लाको माथिल्लो भेगमा प्रशस्त भोजपत्रका रुखहरु भएकोले यस जिल्लाको नाम भोजपुर रहन गएको भन्ने भनाई पनि रहेको छ । (भोजपुर जिल्ला पार्श्वचित्र, २०७४:१) ।

## ४.२ अध्ययन क्षेत्रको परिचयः-

भोजपुर जिल्लाको पौवादुङमा गाउँपालिकाको वडा नं. ४ वास्तिम, ५ सानोदुम्मा र ६ ठूलोदुम्ममा दुङमाली भाषा बोल्ने राई जातिको बसोबास रहेको पाइन्छ । इतिहासलाई हेर्दा विषेष गरी दुङमाली भाषा पौवा खेसाङ थुम(गणराज्य) भित्र बोलिने भाषा हो भोजपुर जिल्ला अन्तर्गत अखुवा खोला पूर्व, पिखुवा खोला उत्तर, अरुण खोला पश्चिम र यङवा खोला दक्षिण पश्चिम किल्ला भित्र रहेको पौवा खेसाङ थुमका हाल गा.वि.स.हरु आम्तेक, श्याम्सीला, तिवारीभन्ज्याङ, याकु, जरायोटर, चम्पे, प्याउली, याङपाङ, चरम्वी, च्याङग्रे, बस्तिम, सानोदुम्मा र ठुलोदुम्माका गा.वि.स.हरुमा बसोवास गर्ने किरात राईहरुले बोलिन्ने भाषालाई दुङमाली भाषा भन्निछ ।

दुङमा नाम कसरी रहन गयो त भन्ने प्रश्नमा विभिन्न ऐतिहासिक र पौराणिक कथा, मिथक समेत अध्ययन, खोज अनुसान्धन गरिएको थियो । स्थानीयले दिएको जानकारीअनुसार कुनै समयमा भोजपुर (माँझ किरात) र धनुकटाको सीमानामा अवस्थित अरुण उपत्यकामा एउटा राक्षस बस्ने गर्दथ्यो । यो राक्षसले जहिले पनि यो गाँउका केटा केटीहरुलाई मार्ने र खाने गर्दथ्यो । अन्तमा गाउँलेहरुले बालबच्चालाई बचाउन एउटै मात्र उपाय निकाले त्यो राक्षसलाई मार्ने । त्यसका लागि बलवान र जनापा (जान्ने बिजुवा) को आवश्यकता पर्दथ्यो । त्यसका लागि व्यपाक जनापाको खोजी हुन थाल्यो । उनीहरुले भोजपुर जिल्लाको कटुञ्जे भन्ने ठाँउमा एक शक्तिशाली जनापा (जान्ने बिजुवा) फेला पारेछन् । त्यो राक्षसलाई सजिलै मारिदियो । जव बिजुवा राक्षसलाई मारेर हालको ठुलोदुम्मा मार्ताङ हुदै आफ्नो घर फर्कदै थियो । उसले आफ्नो मुन्धुम फलाक्दै घुङरिङ र वासङ आकाशतिर प्रहार गऱ्यो । केही माथि वासङ धर्तीमा खसेर गाडियो । त्यही गाडिएको ठाँउबाट मूल फुत्यो । सो पानी बिजुवा र त्यहाँका अन्य तिर्खाएका केनछरीहरुले पानी पिई आ-आफ्नो प्यास मेटाएर आनन्दित भए । वान्तवा भाषामा दुङमाको अर्थ पिउनु भन्ने हुन्छ । त्यही आधारमा वान्तावा भाषामा खुसी भई पानी पिउनुको अर्थ दुङमा भएकोले त्यहीबाट अपभ्रंस भएर दुम्मा रहन गएको भन्ने जनविश्वास गरी उक्त स्थानको नाम नै "ठूलोदुम्मा" भएको भन्ने जनश्रुति रहेको पाइन्छ ।

ठूलोदुम्मा गाविस हाल पौवादुङमा गाउँपालिका वडा नं ६ का जातजातिहरूको विवरण तालिका नं. ४.१ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.१**

| जाति | संख्या | प्रतिशत | जाति | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| राई | २१३७ | ८७.३७ | घर्ति/भुजेल | २ | ०.०८ |
| क्षेत्री | २८ | १.१४ | लिम्बु | ९ | ०.३७ |
| तामाङ्ग | १७४ | ७.११ | ठकुरी | १० | ०.४१ |
| नेवार | ४ | ०.१६ | सन्यासी | २९ | १.१९ |
| कामी | ५३ | २.१७ | जम्मा | २४४६ | १०० |

स्रोतः ठूलोदुम्मा गाविस पार्श्वचित्र २०७१:६, स्थलगत अध्ययन, २०७४

## ४.३. दुङमाली भाषी राईको शैक्षिक अवस्थाः-

दुङमाली भाषी राईको शैक्षिक अवस्थालाई देहायबमोजिम वर्गिकरण गरी प्रस्तुत गरिएको छ ।

### ४.३.१ औपचारिक शिक्षाको सुरुवातः-

भोजपुरको ठूलोदुम्मामा पनि वि.सं. २००७ सालभन्दा पहिले शिक्षाको कुनै उज्यालो छिरेको थिएन । बलबालिकाले आफ्ना अभिभावकबाट दैनिक जनजीवनसँग सम्बन्धित व्यवहारिक ज्ञान प्राप्त गर्ने गर्दथे । वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलन पश्चात् वि.सं. २०११ सालमा ठूलोदुम्मा गाविसभन्दा ५ कोष उत्तरमा रहेको च्याङ्गे पोखरीमा विद्यालय स्थापना भएको थियो । ठूलोदुम्मामा रहेका धनी तथा संभ्रान्त वर्गमा छोराहरु त्यहाँ पढ्न जान्थे । तर विद्यालय टाढा भएकोले सामान्य अक्षर चिनेपछि पढ्न जान छोड्ने गर्दथे । २/४ वर्ष यस्तै हुँदै गयो । त्यसपछि ठूलोदुम्माबाट १ घण्टाको दुरीमा रहेको वास्तिम गाविसको मानेडाँडा भन्ने ठाउँमा वि.सं. २०१४ सालमा विद्यालय स्थापना भयो । उक्त ठाउँमा विद्यालय स्थापना भएपछि दुङमाली भाषीलाई शिक्षा आर्जन गर्न केही सहज भयो । विद्यालय गई सामान्य अक्षर चिनेका दुङमाली भाषी राई परिवारका बालबालिका भारतिय तथा वृटिस सेनामा लाहुर लाग्न थाले । पहिले गल्ला भर्तिको लागि क्याम्प यही ठूलोदुम्मामा बस्ने गर्दथ्यो । सामान्य अक्षर चिनेका व्यक्तिहरु भारतीय तथा वृटिस सेनामा जान थालेपछि २०१५/२०१६ सालतिर स्थानीयबासी सुभशेर राईले त्यहाँका बालबालिका भेला पारी गाउँको चौतारामा पढाउन थाले । सुरुमा बालबालिकाहरु पढ्नलाई आउन थाले । त्यो समयमा नेपाली कागजमा बाँसको कलम बनाई मोसोको मसीले लेख्ने गरिन्थ्यो । पछि विद्यार्थीहरु सामान्य अक्षर चिनेपछि फेरी विद्यार्थी आउन छाडे । सामान्य अक्षर चिनेका विद्यार्थी लाहुर जाने र अन्य बालबालिका पढ्न आउन छोडेपछि उक्त चौतारामा पढाउने काम पनि बन्द भयो । त्यो समयमा अभिभावकले पढाईको महत्व बुझ्न नसक्नु, पारिवारिक समस्या तथा अन्य विविध कारणबाट चौतारोमा पढाउने क्रम बन्द भएको थियो ।

बालबालिकाहरुले आफ्नो परिवार र समुदायको भन्दा भिन्न संस्कृति, मूल्य, मान्यता सिक्ने औपचारिक संस्था नै विद्यालय हो । विद्यालयमा सिकेको कुराअनुसार आफूलाई परिवर्तन गर्दछन् । कृषि पेशामा संलग्न दुङमाली भाषी राईहरुका बालबालिका पनि

खेतीपाती र पशुपालनमा आफ्ना अभिभावकलाई सघाउथे । उनीहरुको शिक्षाको सुरुवात यहीँबाट भएको हो । सोही क्रममा अभिभावकहरुले विद्यालयको महसुस गरी २०२६/२०२७ सालतिर हालको सूर्योदय माध्यमिक विद्यालय भएको ठाउँमा सानो घर (झुप्रो) बनाई स्थानीय अभिभावकहरुले बालबालिकालाई विद्यालय शिक्षा दिन सुरु गरे । सुरुमा केही अभिभावकले मात्र आफ्ना बालबालिका पढ्न पठाए । उक्त समयमा उक्त विद्यालयमा प्राधानाध्यापक भएर स्थानीय सुभशेर राईले काम गरे । स्थानीय सामाजिक तथा राजनीतिक व्यक्तिहरुको सक्रियतामा विद्यालय स्थापना गरी चन्दा, जिन्सी सहयोगबाट विद्यालय सञ्चालन गरिएको थियो । सोही विद्यालयलाई २०२८ सालमा नेपाल सरकारले स्वीकृति दियो र हाल सूर्योदय माध्यमिक विद्यालयको नामले सञ्चालनमा रहेको छ । त्यसपछि अन्य प्राथमिक विद्यालयहरु क्रमशः स्थापना भएका छन् ।

### ४.३.२ **विद्यालयको सुरुवातः-**

नेपालको ग्रामिण समुदायमा विद्यालय कसरी स्थापना भए भन्ने बारेमा भएको अध्ययनले पञ्चायती व्यवस्था अन्तर्गत गाउँ पञ्चायतको स्थापना भएपछि विद्यालय विस्तार तीव्र गतिमा भएको उल्लेख गरेको छ (सेरिड सन् १९८४) । स्थानीय राजनीतिक तथा सामाजिक व्यक्तिहरुले विद्यालय सञ्चालनको जिम्मा लिँदै विद्यालय स्थापना गर्न चासो दिए । गाउँलेहरुले आफैँले नगद, जिन्सी तथा श्रमदान गरेर विद्यालय सञ्चालन गर्दै आए । ती विद्यालयहरुलाई सरकारले स्वीकृती दियो र हाल सञ्चालनमा छन् ।

वि.सं. २००७ सालमा नेपालमा राणाशासनको अन्त्य भएपछि देशभरि शिक्षा र चेतना विस्तारको आवश्यकता महसुस गरी सरकारी तथा जनस्तरबाट विद्यालय खोल्ने क्रम तीव्र भयो । शिक्षा व्यक्ति एवं समाज विकासका लागि मेरुदण्ड हो । शिक्षाविना देश विकासको कल्पना पनि गर्न सकिँदैन । व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले नै ठूलो सहयोग पुऱ्याएको हुन्छ । आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालबालिकाहरू नै भोलिका देशका कर्णाधार हुने हुँदा पनि शिक्षालाई यति धेरै महत्व दिनुपरेको स्पष्ट हुन्छ । भनिन्छ, शिक्षा नै सामाजिक परिवर्तनको वाहक हो । त्यसैले हामीले यो पनि बिर्सनु हुँदैन कि सम्पूर्ण शैक्षिक प्रक्रियाको केन्द्र नै विद्यार्थी हुन् । सरसर्ती हेर्ने हो भने भोजपुर जिल्ला भौगोलिक दृष्टिले उच्च पहाडी जिल्ला भए तापनि शिक्षाको क्षेत्रमा भने अनुपातिक रूपमा नै विकास भएको पाइन्छ । २०४६ सालको जनआन्दोलनपश्चात भएको

शिक्षा क्षेत्रको विकासको श्रेय भने स्थानीय निकायलाई नै जाने देखिन्छ, किनकि शिक्षाको क्षेत्रमा स्थानीय निकायले ठूलो स्रोत र साधन लगानी गरेको पाइन्छ ।

दुर्गम ठाउँमा बसोबास गर्ने दुङमाली भाषी राईहरुले विद्यालयको सुरुवात कसरी गरेँ? भन्ने विषयमा ठूलोदुम्मास्थित २०२८ सालमा स्थापना भएको सूर्योदय माध्यमिक विद्यालयको विद्यालय सुधार योजनाको प्रतिवेदनले यसो भन्छ:-

*"विद्यालयको जन्म दिएर ठूलोदुम्माका जनतालाई शिक्षातर्फ उन्मुख गराउनु हुने सम्पूर्ण शिक्षा प्रेमी समाजसेवी महानुभावहरु धन्यवादको पात्र हुनुहुन्छ । ठूलोदुम्मा निवासी स्व कृष्णबहादुर राई तथा भुइदल राई लगायत अन्य समाजसेवीहरुको सक्रियतामा २०२६ सालतिर विद्यालय खोली अध्ययन अध्यापन गरिएको थियो भन्ने जानकारी पाइन्छ । तत्कालिन अवस्थामा जनश्रमदानबाट सामान्य भवन निर्माण गरी स्वयमसेवकहरुको व्यवस्था मिलाई विद्यालय सञ्चालन गरिएको थियो । करिव २ वर्षपश्चात् स्थानीय अभिभावकहरुको सक्रियतामा २०२८/३/३२ मा जिल्ला शिक्षा कार्यालय भोजपुरबाट स्वीकृति प्राप्त गरी पूर्णरुपमा विद्यालय सञ्चालन कार्य सुरु भएको थियो । शैक्षिकसत्र २०५१ मा निमावि र २०६६ देखि निजी स्रोतबाट माध्यमिक तह सञ्चालन भएको यस विद्यालयमा शिक्षक अभिभावक तथा वुद्धिजीविको विशेष योगदान छ ।"* (विद्यालय सुधार योजना ०७१)

यस क्षेत्रमा विद्यालय स्थापना सम्बन्धमा विद्यालय स्थापनाकालका प्रधानाध्यापक शुभशेर राईको भनाई अनुसारः-

*"यस क्षेत्रमा २०१६ सालतिर टोलको चौताराहरुमा बालबालिका भेला गरी पढाउने गरिन्थ्यो । पढाउने काम मैले पनि त्यो समयमा गरेँ । तर आर्थिक अभाव, पढ्नुपर्छ भन्ने भावनाको कमी, वेरोजगारी लगायतका कारणबाट त्यो समयमा बालबालिका कम नै पढ्न आउँथे। पछि बालबालिका आउन छोडेपछि पढाई हुन छोड्यो । २०२८ सालमा अहिलेको सूर्योदय मा.वि. भएको ठाउँमा सानो खरको छुप्रो हाली यहाँका स्थानीय विद्यालयको सुरुवात गर्नुभयो । मैले पनि प्रधानाध्यापकको रुपमा २ वर्ष पढाएँ । त्यसमा यहाँका स्थानीय व्यक्तिहरु जो भारतीय तथा वृटिस सेनामा काम गर्थे उनीहरुले शिक्षकको तलब लगायतमा खर्च गर्न रकम पनि दिएका थिए । पछि त्यही विद्यालय सूर्योदय माध्यमिक विद्यालय बन्यो । अहिले*

*अन्य टोलमा समेत विद्यालय खुलेका छन् । यहाँका मानिसहरुमा पढ्नुपर्छ भन्ने भावनाको विकास भएको छ । बालबालिकाहरुमा विद्यालय पठाउन थालेका छन् । पहिले यहाँ बालबालिकालाई शिक्षा दिनुपर्छ भन्ने भावनाको विकास भएको थिएन ।"* (२०७४ माघ १५ को व्यक्तिगत अन्तर्वार्ता) ।

सरकारबाट दरबन्दी नपाउँदासम्म विद्यालय सञ्चालन गर्न देउसीभैलो खेल्ने, चन्दा उठाउने, लाहुरेसँग सहयोग माग्ने, स्थानीय तहबाट अनुदान छुट्याउने गरेको पाइन्छ । २०४६ सालको जनआन्दोलनपश्चात भएको शिक्षा क्षेत्रको विकासको श्रेय भने स्थानीय निकायलाई नै जाने देखिन्छ, किनकि शिक्षाको क्षेत्रमा स्थानीय निकायले ठूलो स्रोत र साधन लगानी गरेको पाइन्छ । यस वर्ष पनि पौवादुङमा गाउँपालिकाले आफ्ना ६ वटा वडामा भएका प्रत्येक माध्यमिक विद्यालयलाई रु. चार लाख रुपैँया सहयोग गरेको छ । जस अनुसार सूर्योदय माध्यमिक विद्यालयसमेत पर्दछ । साथै ६ नं. वडा कार्यालय ठूलोदुम्माले पनि यस आ.ब. ०७४/७५ मा मातहतका प्रत्येक प्राथमिक विद्यालय तथा माध्यमिक विद्यालयलाई पूर्वाधार तथा शिक्षक तलव भत्तामा केही बजेट विनियोजन गरिदिएको छ ( वडाध्यक्ष दीपक राईबाट प्राप्त जानकारी) ।

**४.३.३ विद्यालयमा सहभागिताः-**

वि.सं. २००७ सालमा नेपालमा राणाशासनको अन्त्य भएपछि देशभरि शिक्षा र चेतना विस्तारको आवश्यकता महसुस गरी सरकारी तथा जनस्तरबाट विद्यालय खोल्ने क्रम तीव्र भयो । शिक्षा व्यक्ति एवं समाज विकासका लागि मेरुदण्ड हो । शिक्षाविना देश विकासको कल्पना पनि गर्न सकिँदैन । व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले नै ठूलो सहयोग पुर्‍याएको हुन्छ । आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालबालिकाहरू नै भोलिका देशका कर्णाधार हुने हुँदा पनि शिक्षालाई यति धेरै महत्व दिनुपरेको स्पष्ट हुन्छ । भनिन्छ, शिक्षा नै सामाजिक परिवर्तनको वाहक हो । त्यसैले हामीले यो पनि बिर्सनु हुँदैन कि सम्पूर्ण शैक्षिक प्रक्रियाको केन्द्र नै विद्यार्थी हुन् (अभिभावसँग छलफलमा आधारित) ।

ठूलोदुम्मा गाविसमा शैक्षिकस्तर उकास्नका लागि यहाँका बुद्धिजीवी, विद्धवान्, शिक्षाविद्, समाजसेवी आदि लागिपरेको देखिन्छ । यस गाविसमा एक माध्यमिक विद्यालय, चार

प्राथमिक विद्यालय सञ्चालनमा रहेका छन् । यस गाविसका अधिकांश शैक्षिक संस्थाहरू २०४६ सालको राजनैतिक परिवर्तनपश्चात स्थापना भएको पाइन्छ । यस वडामा सूर्योदय प्रा.वि वि.सं. २०२८ सालमा र अर्को ज्योति प्रा.वि. वि.सं. २०३९ सालमा खोलिएको देखिन्छ । हाल सूर्योदय प्रा.वि. माध्यमिक विद्यालयको रूपमा परिणत भएर माध्यमिक तहको शिक्षा प्रदान गरिरहेको देखिन्छ । यसलाई जिल्लाको उत्कृष्ट माध्यमिक विद्यालयमा परिणत गर्ने कुरा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपक राई र विद्यालयका प्रधानाध्यापक नरेन्द्र शाक्य बताउँछन् । शैक्षिक जागरण र विकासको लहर हालका दिनमा उत्साहबर्धक रूपमा अगाडि बढिरहेको देखिन्छ । हाल यस वडामा बसोबास गर्ने विभिन्न समुदायका मानिसहरूले छोरा र छोरी दुवैलाई समान रूपमा विद्यालय पठाउने वातावरणको सिर्जना भएको देखिन्छ । राजनैतिक परिवर्तन सँगसँगै शैक्षिक चेतना र जागरणले पनि उल्लेखनीय भूमिका खेलिरहेको पाइन्छ । आफ्नो टोल, छिमेक, वडा तथा बस्तीहरूमा हुने शैक्षिक विकाससम्बन्धी छलफल, मेला तथा बैठकहरूमा आम जनसमुदायहरूको उत्साहजनक सहभागिता रहने गरेको पाइन्छ ।

ठूलोदुम्मामा रहेका शैक्षिक संस्थाहरूको विवरण तालिका नं. ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

| क्र.सं. | विद्यालयको नाम | टोल | स्थापना मिति |
|---|---|---|---|
| १ | सूर्योदय मा.वि. | ठूलोथर्पू | वि.सं. २०२८ |
| २ | ज्योति प्रा.वि. | छिदुवा | वि.सं. २०३९ |
| ३ | जाल्पा प्रा.वि. | मार्ताङ | वि.सं. २०४७ |
| ४ | लालिगुरास प्रा.वि. | वाउखोम | वि.सं. २०५० |

स्रोतः ६ नं. वडा कार्यालय, ठूलोदुम्मा २०७४ र गाविस पार्श्वचित्र, २०७१

यसरी साविक ठूलोदुम्मा गाविस हाल पौवादुङमा गाउँफालिका वडा नं. ६ ठूलोदुम्मामा ४ वटा विद्यालयहरू संचालनमा रहेको पाइन्छ । जसमध्ये सूर्योदय माध्यमिक विद्यालय २०२८ सालमा प्रावि, २०५१ सालमा निमावि र २०६६ सालमा माध्यमिक विद्यालयको रुपमा स्थापना भएको पाइन्छ । अन्य प्राथमिक विद्यालयहरुमध्ये लालिगुराँस

२०५० साल, ज्योति प्राथमिक विद्यालय २०३९ साल र जाल्पा प्राथमिक विद्यालय २०४७ सालमा स्थापना भएको पाइन्छ । यहाँका सम्पूर्ण विद्यालयहरुमा दुङमाली भाषी राईहरुका बालबालिकाको अध्ययनमा राम्रो उपस्थिति रहदैं आएको पाइन्छ ।

ठूलोदुम्माको जातिगत शैक्षिक विवरणः तालिका ४.३ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.३**

| क.सं | जाति | निरक्षर | | साक्षर | | एसएलसी | | प्रमाणपत्र तह | | स्नातक तह | | स्नातकोत्तर तह | | सोभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| १ | राई | २१० | १८४ | ७२४ | ८०८ | ३ | २ | ७ | ७ | ४ | ८ | ० | १ | ० | ० |
| २ | क्षेत्री | ३ | १ | ७ | ११ | ३ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | तामाङ | ९ | ३ | ४० | ७० | २४ | २६ | ० | २ | ० | ० | ० | ० | ० | ० |
| ४ | नेवार | १ | ० | १ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | कामी | ६ | ० | ३० | १७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | घर्ति | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | लिम्बू | १ | ० | ३ | ३ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | ठकुरी | १ | ० | ३ | ५ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | सन्यासी | ० | ० | १० | १६ | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ४२० | | १७५१ | | ६८ | | १६ | | १२ | | १ | | ० | |

स्रोतः ६ नं. वडा कार्यालय, ठूलोदुम्मा २०७४ र गाविस पार्श्वचित्र, २०७१

माथिको तालिका ४.३ अनुसार यस ६ नं. वडा ठूलोदुम्माको पुरुषको जातिगत शैक्षिक विवरण यस प्रकार छः

राई जातिमा १८४ जना निरक्षर छन् । ७२४ जनाले सामान्य लेखपढ गर्न सक्दछन् भने ३ जनाले एसएलसी पास गरेका छन् । ७ जना प्रमाणपत्र तह उत्तिर्ण गरेका, ८ जनाले स्नातक तह र १ जनाले स्नातकोत्तर उत्तिर्ण गरेको अवस्था छ । स्नातकोत्तरभन्दा माथि अध्ययन गरेका पूरुष यस वडामा छैनन् । क्षेत्री १ जना निरक्षर, ११ जना साक्षर, ३ जनाले एसएलसी पास गरेका छन् । तामाङ ३ जना निरक्षर, ७० जना लेख्नपढ्न जान्ने साक्षर, २६

जना एसएलसी पास गरेका छन् भने २ जनाले प्रमाणपत्र तहसम्मको अध्ययन गरेका छन् । नेवार जातिमा पढ्न लेख्न नजान्ने पूरुष छैनन् । लेख्न पढ्न जान्ने १ जना छन् । एस.एल.सी. उत्तीर्ण गरेका १ जना छन् । कामी जातिमा पढ्न लेख्न नजान्ने पूरुष छैनन् भने पढ्न र लेख्न जान्ने १७ जना, एस एल सी उत्तीर्ण कसैले गरेका छैनन् । घर्तिरभुजेल जातिमा पढ्न लेख्न नजान्ने कोही छैनन् भने साक्षर पूरुष १ जना रहेका छन् । लिम्वू जातिका ३ पुरुष साक्षर र ३ जनाले एसएलसी उतिर्ण गरेका छन् । ५ जना ठकुरी पूरुष साक्षर छन् भने १ जनाले एसएलसी पास गरेका छन् । सन्यासी जातिका १६ जना साक्षर छन् भने १ जनाले एस.एल.सी. उत्तीर्ण गरेका छन् ।

माथिका तालिका ४.३ अनुसार ठूलोदुम्मा गा.वि.स.को महिलाको जातिगत शैक्षिक विवरण यस प्रकार रहेको छः

राई जातिका २१० महिला निरक्षर, ७२४ साक्षर, ३ जना एसएलसी पास गरेका छन् । ७ जना महिलाले प्रमाणपत्र तह उतिर्ण गर्नुका साथै ४ जनाले स्नातक तह पास गरेका छन् । ३ जना क्षेत्री निरक्षर, ७ जना क्षेत्री साक्षर छन् भने ३ जनाले एसएलसी उत्तिर्ण गरेको पाइन्छ । ९ जना तामाङ निरक्षर छन् । ४० जना सामान्य साक्षर, २४ जनाले एसएलसी पास गरेका छन् । नेवार जातिमा पढ्न लेख्न नजान्ने १ जना, लेख्न पढ्न जान्ने १ जना छन् । कामी जातिमा ६ जना निरक्षर, ३० जना साक्षर छन् । घर्तिरभुजेल जातिमा १ जना निरक्षर छन् । लिम्वू जातिमा १ जना महिला निरक्षर, ३ जना साक्षर छन् । ठकुरी जातिमा १ जना महिला निरक्षर ३ महिला साक्षर छन् भने सन्यासी जातिमा १० जना महिला साक्षर, २ जना एसएलसी पास गरेका छन् ।

**शिक्षामा सहभागिताको वर्तमान अवस्था**

स्थलगत अध्ययनअनुसार ठूलोदुम्माका दुङमाली भाषा बोल्ने राई समुदायमा ७३.३३ प्रतिशत मानिसहरू मात्र साक्षर छन, जसमध्ये पुरुष साक्षरता महिला साक्षरताभन्दा केही प्रतिशतमात्र बढी छ । चालु शैक्षिक सत्र २०७४ मा २३७ दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरूलाई शिक्षा दिँदै गरेका श्री सूर्योदय मावि, श्री लालिगुँरास प्रा.वि. र श्री ज्योति प्रा.वि. र जाल्पा प्रा.वि.नै ठूलोदुम्माका दुङमाली भाषा बोल्ने राईहरूको पढ्ने प्रमुख सामुदायिक विद्यालयहरू हुन् । किनकि दुङमाली भाषा बोल्ने राई समुदायको नजिकै भएका

यी विद्यालयहरू नै आफ्ना छोराछोरीहरू पढाउने सामुदायिक विद्यालयहरू हुन् । यी सामुदायिक विद्यालयहरुका भौतिक पूर्वाधार निर्माण, विद्यालयको शैक्षिक गुणस्तरीयता वृद्धि गर्न दुङमाली भाषी राईहरुले सहयोग गर्ने गरेको पाइन्छ । पौवादुङमा गाउँपालिका ६ नं वडा ठूलोदुम्माको जातिगत साक्षरता प्रतिशत तालिका ४.४ मा रहेको छ ।

**तालिका नं. ४.४**

| क.सं. | जाति | साक्षरता प्रतिशत |
|---|---|---|
| १ | राई | ७३ |
| २ | क्षेत्री | ८५ |
| ३ | तामाङ | ९३ |
| ४ | नेवार | ७५ |
| ५ | कामी | ८८ |
| ६ | घर्ति | ५० |
| ७ | लिम्वू | ८८ |
| ८ | ठकुरी | ९० |
| ९ | सन्यासी | १०० |

स्रोतः गाविस पार्श्वचित्र, २०७१ र ६ नं. वडा कार्यालय, ठूलोदुम्मा

माथिको तालिका ४.४ अनुसार साविक ठूलोदुम्मा गाविस हाल ६ नं. वडा कार्यालय ठूलोदुम्मामा राई ७३ प्रतिशत, क्षेत्री ८५ प्रतिशत, तामाङ ९३ प्रतिशत, नेवार ७५ प्रतिशत, कामी ८८ प्रतिशत, घर्ति ५० प्रतिशत, लिम्वू ८८ प्रतिशत, ठकुरी ९० प्रतिशत र सन्यासी १०० प्रतिशत साक्षर रहेका छन् ।

२००७ सालको प्रजातन्त्र मिर्मिरे उज्यालोसँगै शिक्षाको ज्योति पनि शहर हुँदै बिस्तारै-बिस्तारै गाउँतिर फैलियो तर परम्परागत रुढीवादी परम्परा र अपायक शिक्षण संस्थाका कारण दुङमाली भाषा बोल्ने राई जातिका मानिसहरू शिक्षाको उज्यालो घामबाट वञ्चित नै रहे । प्रजातन्त्रको स्थापना भएपछि जनतामा शैक्षिक जनचेतना जागेको भए पनि 'दुङमाली भाषा बोल्ने राई' हरूमा शिक्षाप्रतिको जागरण कम नै रऱ्यो । ठूलोदुम्मामा पानीका स्रोत नहुनु, पारिवारिक संरचना ठूलो हुनु, पूर्खाहरुले शिक्षा नलिनु, पढ्नमा रुचि

नहुनु, भाषाको कारणले पढाईमा कठिनाई आइपर्नु पनि शिक्षा प्रतिको नकरात्मक धारणा बन्यो । विद्यालयको कक्षाकोठा, शिक्षक, सँगतले पनि विद्यालय प्रतिको मानिसको धारणामा परिवर्तन आउन सकेको थिएन । त्यहाँका राई जातिको आर्थिक, भौतिक, राजनैतिक, धार्मिक, सांस्कृतिक, भाषा आदिले पनि शैक्षिक उपलब्धी बढाउन कठीन अवस्था थियो ।

वर्तमान नेपालमा माध्यमिक शिक्षासम्म निःशुल्क भए पनि आर्थिक अभावको कारणले गर्दा विद्यालय पठाउन नसकेका अभिभावकहरूले पनि शिक्षाको महत्व बुझेर सम्भव भएसम्म आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउन थालेको पाइन्छ । यसै क्रममा अध्ययन क्षेत्रका दुङमाली भाषा बोल्ने राई जातिले पनि दुःख-सुख गरेर भए पनि आफ्ना छोराछोरीहरूलाई विद्यालय पठाउन थालेका छन् । दुङमाली भाषा बोल्ने राई जातिमा पनि छोरीहरू विद्यालय नगई घरको कामधन्दा गर्नुपर्छ भन्ने मानसिकताले गर्दा यसभन्दा अघिल्ला पुस्ताका महिलाहरू अधिकांश निरक्षर नै रहेको देखिन्छ । घरायसी स्थिति सुदृढ हुने परिवारका छोराछोरीहरू विद्यालय जान थाले पनि दुङमाली भाषा बोल्ने राई जातिमा रहेको आर्थिक विपन्नता छोरीलाई छोरासरह समान अधिकार नदिनु, हेयको दृष्टिले हेरिनु, घरको काम धन्दामा छोरीलाई अत्यधिक सहभागी गराइनु, घरका बालबच्चा हेर्ने काम छोरीलाई गराइनुजस्ता विविध कारणहरूले गर्दा छोरीहरूलाई विद्यालय पठाउने नगरिएको भए तापनि बिस्तारै शिक्षाको महत्व बुझेको हुनाले छोराछोरीलाई समान दृष्टिकोणले हेर्ने गरेको र छोराछोरी दुवैलाई शिक्षा आर्जन गर्न विद्यालय पठाउन थालेको पाइन्छ ।

यो शोधकर्ताले ६ नं. वडा कार्यालय ठूलोदुम्मामा रहेका दुङमाली भाषा बोल्ने राई बस्तीहरू अवलोकन गर्दा विद्यालय जाने उमेरका बालबालिकाहरू सम्पूर्ण विद्यालय जाने गरेको भेटियो भने २०७४ सालसम्म त्यस गाविसबाट मावि शिक्षा हासिल गर्नेहरूको संख्या दुङमाली भाषा बोल्ने राई जातिमा ३२ जना रहेका, जसमा ५७ प्रतिशत पुरुष रहेका छन् भने ४३ प्रतिशत महिला रहेका छन् । तीमध्ये धेरैले उच्च शिक्षा अध्ययन गरिरहेको पाइन्छ (स्थलगत अध्ययन, २०७४) ।

उपर्युक्त तथ्याङ्कलाई हेर्दा वर्तमान अवस्थामा यस ठूलोदुम्मा गाविसमा दुङमाली भाषा बोल्ने राई जातिमा विद्यालय र क्याम्पस जाने युवायुवतीहरूको संख्यामा क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । पहिलेको तुलनामा यस जातिमा शिक्षित संख्यामा क्रमशः वृद्धि भएको देखिन्छ । यस जिल्लामा रहेका यस जातिका शिक्षक-शिक्षिकाहरूको संख्या अति नै न्यून

नगण्य मात्रामा भए तापनि उनीहरूले आफ्नो ठाउँबाट शैक्षिक चेतना जगाई शिक्षा अनिवार्य रूपमा ग्रहण गर्नुपर्दछ भन्ने भावना जगाउन प्रयास गरिरहेका छन् (दीपक राई, अन्तर्वार्ता) । हाल यस वडामा रहेका विद्यालयहरूमा वि.सं. २०२८ सालमा स्थापित सूर्योदय माध्यमिक विद्यालय, ठूलोथर्पु, वि.सं. २०३९ सालमा स्थापित ज्योति प्राथमिक विद्यालय, छिदुवाटोल, वि.सं. २०५० सालमा स्थापित लालिगुँरास प्रा.वि., वाउटोल, जाल्पा प्रा.वि. मार्ताङ वि.सं. २०४७ सञ्चालनमा छन् । यस वडाको सबै विद्यालयहरुमा दुङमाली भाषा बोल्ने राई जातिका वालवालिकाहरु अध्ययनरत रहेका छन् (स्थलगत अध्ययन, २०७४) ।

आर्थिक, राजनीतिक र शैक्षिक रूपबाट पिछडिएका जातिका रूपमा परिचित यस जातिमा हामी अशिक्षाका कारणले पछाडि परेका हौं र शिक्षा भएन भने हरेक कुरामा पछाडि परिन्छ र केही पढेलेखेका युवायुवतीहरू बेरोजगार रहे भन्दैमा हामीले आफ्ना सन्ततिहरूलाई विद्यालय पठाउन र शिक्षा लिनबाट वञ्चित गराउन हुँदैन भन्ने धारणाको यस जातिमा पनि विकास भएको पाइन्छ, जसले गर्दा हालको शैक्षिक अवस्थालाई अझ माथि उठाउन आफ्ना छोराछोरीहरूलाई विद्यालय पठाई शैक्षिक अवस्था सुदृढ बनाई जातीय उत्थानमा सहयोग पुऱ्याउने लक्ष्यका साथ ठूलोदुम्माका दुङमाली भाषा बोल्ने राईहरू शैक्षिक जागरणमा लागेको पाइन्छ । यस जागरणमा नेपाल सरकार र अन्य दातृनिकायहरूले पनि होस्टेमा हैंसे थपिदिनुपर्ने देखिन्छ ।

एक्काइसौं शताब्दीमा आइपुग्दा पनि नेपालका एकतिहाईभन्दा बढी मानिसहरू अशिक्षित नै छन् । वि.सं. २०६८ सालको जनगणनाअनुसार नेपालको साक्षरता ६५.९ प्रतिशत रहेको छ, जसमा पुरुषको साक्षरता दर ७५.१ प्रतिशत र महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको छ -केन्द्रीय तथ्यांक विभाग, २०६८) । कुनै पनि देशको साक्षरता प्रतिशतमा त्यस देशको आर्थिक, सामाजिक पक्षले अत्यन्तै प्रभाव पारेको हुन्छ । नेपालको समग्र साक्षरता प्रतिशत विकसित राष्ट्रको भन्दा अति न्यून रहेको पाइन्छ । त्यसमा पनि सबै जातजातिका मानिसहरू समान रूपमा साक्षर छैनन् । नेपालका धेरै जातजातिहरूको शैक्षिकस्तर अति नै न्यून रहेको छ । नेपालका विभिन्न ठाउँहरूमा बसोबास गर्ने दुङमाली भाषा बोल्ने राईहरू पनि अधिकांश अशिक्षित नै छन् ।

ठूलोदुम्मा गा.वि.स.को छेउमा रहेको साविक वास्तिम गा.वि.स.को मानेडाँडा भन्ने ठाउँमा मानेडाँडा मा.वि. विद्यालय छ। त्यहाँ पुग्न ठूलोदुम्माको भुगोलबाट ३० मिनेटदेखि ३ घण्टासम्म लाग्दछ। हाल यस वडा (साविक ठूलोदुम्मा गाविस) का ३ वटा टोलमा प्राथमिक विद्यालय र अर्को एक टोलमा माध्यमिक विद्यालय रहेको छ । उक्त सूर्योदय माध्यमिक विद्यालय आईपुग्न २ घण्टासम्म हिड्नुपर्ने वाध्यता रहेको छ । स्थलगत अध्ययनअनुसार ठूलोदुम्माका दुङमाली भाषा बोल्ने राई समुदायमा ७३.३३ प्रतिशत मानिसहरू मात्र साक्षर छन, जसमध्ये पुरुष साक्षरता महिला साक्षरताभन्दा केही प्रतिशतमात्र बढी छ । चालु शैक्षिक सत्र २०७४ मा २३७ दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरूलाई शिक्षा दिँदै गरेका श्री सूर्योदय मावि, श्री लालिगुँरास प्रा.वि. र श्री ज्योति प्रा.वि. र जाल्पा प्रा.वि.नै ठूलोदुम्माका दुङमाली भाषा बोल्ने राईहरूको पढ्ने प्रमुख सामुदायिक विद्यालयहरू हुन् ( स्थलगत अध्ययनबाट प्राप्त जानकारी) किनकि दुङमाली भाषा बोल्ने राई समुदायको नजिकै भएका यी विद्यालयहरू नै आफ्ना छोराछोरीहरू पढाउने सामुदायिक विद्यालयहरू हुन् । चालु शैक्षिक सत्र २०७४ सालमा श्री सूर्योदय माध्यमिक विद्यालयमा अध्ययनरत दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरूको कक्षागत विवरण तालिका नं. ४.५ मा उल्लेख गरिएको छ।

**तालिका नं. ४.५**

| कक्षा | जम्मा विद्यार्थी संख्या | दुङमाली भाषा बोल्ने राई जाति | छात्र | छात्रा |
|---|---|---|---|---|
| १ | १९ | १७ | १० | ७ |
| २ | १७ | १६ | ९ | ७ |
| ३ | १४ | १३ | ७ | ६ |
| ४ | १५ | १४ | ७ | ७ |
| ५ | १२ | ११ | ५ | ६ |
| ६ | २१ | १९ | ११ | ८ |
| ७ | १७ | १५ | ८ | ७ |
| ८ | १९ | १६ | ९ | ७ |
| ९ | १२ | ११ | ६ | ५ |
| १० | १४ | १३ | ७ | ६ |
| जम्मा | १६० | १४५ | ७९ | ६६ |

स्रोतः सूर्योदय माध्यमिक विद्यालय, ठूलोदुम्मा, भोजपुर २०७४ ।

माथिको तालिका ४.५ अनुसार यस सूर्योदय मा.वि. ठूलोदुम्मा भोजपुरमा दुङमाली भाषा बोल्ने राई जातिको बालबालिका कक्षा १ बाट नै अध्ययनरत छन् । कक्षा १ मा जम्मा १९ जना विद्यार्थीहरू मध्ये १७ जना छात्रछात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थी अध्ययनरत छन् । तीमध्ये १० जना छात्र र ७ जना छात्रा हुन् । कक्षा २ मा अध्ययन गर्ने १७ जनामध्ये ९ छात्र र ७ छात्रा दुङमाली भाषा बोल्ने राई जातिका हुन् भने कक्षा ३ मा अध्ययन गर्ने १४ जना मध्ये ७ छात्र र ६ छात्रा दुङमाली भाषा बोल्ने राई जातिका छन् भन्ने अन्य अन्य जातिका छन् । कक्षा ४ मा अध्ययन गर्ने १५ जनामध्ये ७ जना छात्र र ७ जना छात्रा दुङमाली भाषा बोल्ने राई जातिका छन् । कक्षा ५ मा जम्मा १२ जना विद्यार्थीहरू मध्ये ५ जना छात्र र ६ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ६ मा जम्मा २१ जना विद्यार्थीहरू मध्ये ११ जना छात्र र १९ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ७ मा जम्मा १७ जना विद्यार्थीहरू मध्ये ८ जना छात्र र ७ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ८ मा जम्मा १९ जना विद्यार्थीहरू मध्ये ९ जना छात्र र ७ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ९ मा जम्मा १२ विद्यार्थीहरू मध्ये ६ जना छात्र र ५ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा १० मा जम्मा १४ जना विद्यार्थीहरू मध्ये ७ जना छात्र र ६ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थी अध्ययनरत छन् ।

यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्ये ९० प्रतिशत विद्यार्थीहरू मात्र दुङमाली भाषा बोल्ने राई जातिका रहेका छन् भने १० प्रतिशत विद्यार्थी अन्य जातिका रहेका छन् ।

यसरी दुर्गम भेगमा बस्ने पछाडी परेको जनजाति सुविधवञ्चित समूह भित्रपर्ने राईहरुको विभिन्न आर्थिक कठिनाई, चेतनाको कमी, भौगोलिक विकटता, जातिय र लैंगिक विभेद, भाषागत कठिनाई, पानीको समस्या, बालबालिकामैत्री शिक्षण सिकाईको अभाव जस्ता विभिन्न कारणहरु हुँदाहुँदै पनि हाल अरु क्षेत्रका मानिसहरुमा शिक्षाको महत्व बुझी शिक्षा आजको आधारभूत आवश्यकता हो भनी राई बालबालिकाको शिक्षामा सहभागिताको बृद्धि हुँदै गइरहेको छ ।

चालु शैक्षिक सत्र २०७४ सालमा श्री लालिगुरास प्रा.विमा अध्ययनरत दुङमाली भाषी राई विद्यार्थीहरूको कक्षागत विवरण तलिका नं ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६**

| कक्षा | जम्मा विद्यार्थी संख्या | दुङमाली भाषा बोल्ने राई जाति | छात्र | छात्रा |
|---|---|---|---|---|
| शिशु | ७ | ५ | ३ | २ |
| १ | ५ | ४ | २ | २ |
| २ | ५ | ५ | ४ | १ |
| ३ | ५ | ४ | २ | २ |
| ४ | ४ | ४ | ३ | १ |
| ५ | ४ | ४ | ३ | १ |
| जम्मा | ३० | २६ | १७ | ९ |

स्रोतः लालीगुँरास प्रा.वि ठूलोदुम्मा भोजपुर २०७४ ।

माथिको तालिका ४.६ अनुसार यस लालिगुरास प्रा.वि. ठूलोदुम्मामा दुङमाली भाषा बोल्ने राई जातिका बालबालिका शिशु कक्षाबाट नै  अध्ययनरत छन् । कक्षा शिशुका ७ जना विद्यार्थीमध्ये ३ छात्रा र २ छात्र दुङमाली भाषा बोल्ने राई जातिका छन् । कक्षा १ मा अध्ययन गर्ने ५ जनामध्ये २ छात्र र २ छात्रा दुङमाली भाषा बोल्ने राई जातिका व्यक्ति छन् । कक्षा २ मा अध्ययन गर्ने ५ मध्ये ४ छात्र र १ छात्रा दुङमाली भाषा बोल्ने राई जातिका रहेका छन् । कक्षा ३ मा जम्मा ५ जना विद्यार्थी मध्ये २ जना छात्र र २ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ४ मा जम्मा ४ विद्यार्थीहरू मध्ये ३ जना छात्र र १ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन्। कक्षा ५ मा जम्मा ४ जना विद्यार्थीहरू मध्ये ३ जना छात्र र १ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये ८६ प्रतिशत विद्यार्थीहरू मात्र दुङमाली भाषा बोल्ने राई जातिका रहेका छन् भने १४ प्रतिशत विद्यार्थीहरू अन्य जातिका रहेका छन् ।

चालु शैक्षिक सत्र २०७४ सालमा श्री ज्योति प्रा.वि छिदुवा ठूलोदुम्मामा अध्ययनरत दुङमाली भाषी राई विद्यार्थीहरूको कक्षागत विवरण तालिका नं. ७.४ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.७**

| कक्षा | जम्मा विद्यार्थी संख्या | दुङमाली भाषा बोल्ने राई जाति | छात्र | छात्रा |
|---|---|---|---|---|
| १ | ९ | ६ | ३ | ३ |
| २ | ७ | ५ | ३ | २ |
| ३ | ६ | ४ | २ | २ |
| ४ | ५ | ४ | ३ | १ |
| ५ | ५ | ३ | २ | १ |
| जम्मा | ३२ | २२ | १३ | ९ |

**स्रोतः ज्योति प्रा वि ठूलोदुम्मा भोजपुर २०७४ ।**

माथिको तालिका ४.७ अनुसार यस ज्योति प्रा.वि. छिदुवा ठूलोदुम्मामा दुङमाली भाषा बोल्ने राई जातिको बालबालिका १ कक्षा देखिनै अध्ययनरत छन् । कक्षा १ मा जम्मा ९ जना विद्यार्थीहरूमध्ये ३ जना छात्र र ३ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा २ मा जम्मा ७ विद्यार्थीहरू मध्ये ३ जना छात्र र २ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ३ मा जम्मा ६ मध्ये २ जना छात्र र २ जना छात्रा अध्ययनरत छन् । कक्षा ४ मा जम्मा ५ जना विद्यार्थीहरू मध्ये ३ जना छात्र र १ छात्रा मात्र अध्ययनरत छन् । कक्षा ५ मा जम्मा ५ जना विद्यार्थीहरू मध्ये २ जना छात्र र १ छात्रामात्र अध्ययनरत छन् । यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये ६८ प्रतिशत विद्यार्थीहरू दुङमाली भाषा बोल्ने राई जातिका रहेका छन् भने ३२ प्रतिशत अन्य जातिका रहेका छन् । यस विद्यालय आसपासका क्षेत्रमा तामाङ समुदायको बसोबास धेरै रहेको छ । यहाँका तामाङ समुदाय पनि दुङमाली भाषी राईहरुको संगतले दुङमाली भाषा बोल्ने गर्दछन् । राई जातिहरुभन्दा तामाङ जातिहरु बढी शिक्षित छन् । एसएलसी पास गर्ने तामाङको संख्या राईको संख्याभन्दा धेरै रहेको छ।

चालु शैक्षिक सत्र २०७४ मा श्री जाल्पा प्रा.वि मार्ताङमा अध्ययनरत दुङमाली भाषी राई विद्यार्थीहरूको कक्षागत विवरण तलिका नं. ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.८**

| कक्षा | जम्मा विद्यार्थी संख्या | दुङमाली भाषा बोल्ने राई जाति | छात्र | छात्रा |
|---|---|---|---|---|
| १ | ६ | ६ | ४ | २ |
| २ | ४ | ४ | २ | २ |
| ३ | ५ | ४ | ३ | १ |
| जम्मा | १५ | १४ | ९ | ५ |

**स्रोतः जाल्पा प्रा वि ठूलोदुम्मा भोजपुर २०७४**

माथिको तालिका ४.८ अनुसार यस जाल्पा प्रा.वि. मार्ताङ ठूलोदुम्मामा दुङमाली भाषा बोल्ने राई जातिको बालबालिका १ कक्षा देखिनै अध्ययनरत छन् । कक्षा १ मा जम्मा ६ जना विद्यार्थीहरूमध्ये ४ जना छात्र र २ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा २ मा जम्मा ४ विद्यार्थीहरू मध्ये २ जना छात्र र २ जना छात्रा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ३ मा जम्मा ५ मध्ये ३ जना छात्र र १ जना छात्रा अध्ययनरत छन् ।

यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये ९३ प्रतिशत विद्यार्थीहरू दुङमाली भाषा बोल्ने राई जातिका रहेका छन् भने ७ प्रतिशत अन्य जातिका रहेका छन् ।

यी विद्यालयहरू बाहेक आर्थिक स्रोत केही राम्रा भएका र रोजगारीको सिलसिलामा गाउँबाट शहर पसेका दुङमाली भाषा बोल्ने राई परिवारले आफ्ना छोराछोरीहरूलाई आफू बसोबास गरेको शहरका सामुदायिक तथा निजी विद्यालयहरूमा समेत पढाएको पाइन्छ । हाल विद्यालय जाने उमेर समूहका सबै दुङमाली भाषा बोल्ने राई बालबालिकाहरूलाई बाल विकास केन्द्रमा पठाउने गरिएको पाइयो । विगतको तुलनामा हाल शिक्षाको महत्व थाहा पाएर दुङमाली भाषा बोल्ने राई समुदायले आफ्ना छोराछोरीहरूलाई शिक्षाको ज्योतिबाट वञ्चित गराउन हुँदो रहेनछ, शिक्षा नै जीवनलाई अँध्यारोबाट उज्यालोतर्फ लाने माध्यम रहेछ भन्ने कुरा बुझेर यथासम्भव पढाउन थालेको पाइन्छ । विद्यालय जाने दुङमाली भाषा

बोल्ने राई विद्यार्थीहरू बिहानबेलुका पढाइमा भन्दा घरको घरायसी काममा व्यस्त रहनुपर्ने र घरको काम सबै सकेर विद्यालय जानुपर्ने दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरूका लागि ठूलो चुनौती देखिन्छ । यसको परिणाम दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू पढाइमा कमजोर देखिन्छन्, किनकि विद्यालयमा हाजिर भएर मात्र पढाइमा सुधार हुन सक्दैन । आर्थिक अभावका कारण उनीहरू अतिरिक्त कक्षा पढ्न शुल्क तिर्न पनि नसक्ने स्थितिमा छन् । त्यस कारण अध्ययन क्षेत्रका दुङमाली भाषा बोल्ने राईहरूको शिक्षा निम्नस्तरको देखिन्छ ।

श्री सूर्योदय मावि ठूलोथर्पु ठूलोदुम्माका प्रधानाध्यापक नरेन्द्र शाक्यसँग दुङमाली भाषा बोल्ने राईहरूको शैक्षिक स्थितिका बारेमा साक्षात्कार गर्दा *"दुङमाली भाषा बोल्ने राई जातिमा शैक्षिक जागरण नआएको होइन तर पहिलाको भन्दा अहिले झन् बढी जागरण आएर शिक्षाको महत्व बुझेको मैले पाएको छु भन्दछन् । जनसंख्याको अनुपातमा दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू अध्ययन गर्न यस विद्यालयमा आएकै छन् । अन्य प्राविमा पनि विगतका भन्दा आजकल दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरू बढी नै अध्ययन गरिरहेको जानकारी पाएको छु ।"* साना साना बालबालिकाहरूलाई नजिकैको ज्योति प्रा.वि., जाल्पा प्रा.वि, लालिगुँरास प्रावि मा पढाएका छन् । उनीहरूको शैक्षिकस्तर अझ राम्रो होस् र पढाइप्रति रुचि जागोस् भनेर नेपाल सरकारबाट प्राप्त विभिन्न छात्रवृत्तिहरू उपलब्ध गराइएको छ तर उनीहरूको भने जस्तो शिक्षाको स्तरमा सुधार नभएको जस्तो लाग्छ भन्ने कुरा समेत व्यक्त गर्दछन् ।

विद्यालयमा गएर अध्ययन गर्न नसक्ने उमेरका विद्यार्थीहरूलाई अनौपचारिक शिक्षामार्फत पनि साक्षर बनाउने सरकारी नीतिअनुसार जिल्ला शिक्षा कार्यालयद्वारा सञ्चालित अनौपचारिक शिक्षाअन्तर्गत प्रौढ शिक्षा जिल्लाका विभिन्न ठाउँहरूमा सञ्चालन भएको पाइन्छ । ठूलोदुम्माका दुङमाली भाषा बोल्ने राई समुदायलाई पनि लक्षित गरी सञ्चालन भएको प्रौढ शिक्षा गाउँका २५ महिलाहरूले लिएको र त्यसबाट केही प्रतिशत भए पनि निरक्षर घटेको कुरा प्रौढ शिक्षिका दिवाना राई बताउँछिन् ।

२०६८ सालको जनगणना अनुसार नेपालको साक्षरता ६५.९ प्रतिशत रहेको छ, जसमा पुरुष साक्षरता दर ७५.१ प्रतिशत र महिला साक्षरता दर ५७.४ प्रतिशत रहेको छ ( अन्तर्राष्ट्रिय मञ्च २०७०:१) । यस ठूलोदुम्माको साक्षरता दर ८३.३४ प्रतिशत रहेको छ भने

दुङमाली भाषा बोल्ने राई जातिको साक्षरता दर ७३.३३ प्रतिशत रहेको छ (स्थलगत अध्ययन र वडा कार्यालयबाट जानकारी) । शैक्षिकस्तरमा आर्थिक अवस्था, चेतना, सामाजिक परम्परा आदि विभिन्न तत्वहरूले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पारेको हुन्छ । यस गाविस र दुङमाली भाषा बोल्ने राई समुदायमा साक्षरता प्रतिशत कम हुनुको प्रमुख कारण गरिबी, चेतनाको कमी तथा शिक्षाको महत्व नबुझ्नु, प्रशस्त मात्रामा जग्गाजमिन नहुनु, जग्गाजमिन थोरै भए पनि भौगोलिक विकटताले गर्दा उत्पादन कम हुनु, पानीको समस्या हुनु आदिलाई लिन सकिन्छ । गाउँकै नजिक मावि हुँदाहुँदै पनि स-साना दुङमाली भाषा बोल्ने राई बालबालिकाहरूलाई गाउँ नजिकै पढ्न विद्यालय जाने बानी बसाल्नका लागि बालविकास केन्द्र वि.सं. २०६४ सालमा लालिगुराँस प्राविमा खोलिएको थियो । जुन बालविकास केन्द्रमा दुङमाली भाषा बोल्ने राई बालबालिकाहरूलाई विद्यालय जाने बानी बसाल्न अवसर मिलेको छ । हाल उक्त बालविकास केन्द्र प्रा.वि. मा परिणत भएको छ । उक्त प्रा.वि. की प्रधानाध्यापक सुश्री जसरानी राईले यस विद्यालयले हामी दुङमाली भाषा बोल्ने राई जातिको मात्र नभएर अन्य जातिको पनि विद्यालय जान सक्ने बालबालिकाहरूलाई शिक्षाको क्षेत्रमा फलदायी भएको कुरा बताउँछिन् । विगतमा माध्यमिक कक्षासम्म अध्ययन गर्ने दुङमाली भाषा बोल्ने राईहरू कम भएका कारण उच्च शिक्षा हासिल गरेका दुङमाली भाषा बोल्ने राईहरू अति नै न्यून देखिन्छ । हालसम्म अध्ययन क्षेत्रका दुङमाली भाषा बोल्ने राईहरूले उच्च शिक्षा हासिल गरेको विवरण निम्न छ ।दुङमाली भाषा बोल्ने राईहरूको शैक्षिक स्थिति तालिका नं. ४.९ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.९**

| तह | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| एसएलसी | ३ | २ | ५ |
| प्रमाणपत्र तह वा ़२ | ७ | ७ | १४ |
| स्नातक तह | ४ | ८ | १२ |
| स्नातकोत्तर तह अध्ययनरत | ० | १ | १ |
| जम्मा | १४ | १८ | ३२ |

स्रोतः गा.वि.स पार्श्वचित्र, २०७१

माथिको तालिका ४.९ अनुसार योग्यता प्राप्त दुङमाली भाषा बोल्ने राईहरू कुनै न कुनै काम गरिरहेका छन् । एस.एल.सी उत्तीर्ण दुङमाली भाषा बोल्ने राईहरू मध्ये १ जना छात्र शसस्त्र प्रहरी बलमा कार्यरत छन् भने २ जना शिक्षकको रूपमा कार्यरत छन् । २ जना छात्रा माथिल्लो तहमा अध्ययनरत छन् । प्रमाण पत्र तह वा +२ गरेका १ जना छात्र पनि शसस्त्र प्रहरी बलमा कार्यरत छन् । १ जना प्रमाणपत्र तह वा +२ उत्तीर्ण गरेका छात्रा भने आफ्नै व्यवसाय सञ्चालन गरिरहेकी छन् । स्नातक तह उत्तीर्ण १ जना । १ जना स्नातक तह उत्तीर्ण छात्रा स्नातकोत्तर अध्ययनरतका साथै शिक्षको रुपमा काम गर्दछन् । स्नातकोत्तर गरेका छात्र शिक्षकको रुपमा काम गर्दैछन् । सामान्य साक्षर भएकामध्ये करिव एक चौथाई दुङमाली भषा बोल्ने राईहरु भारतिय तथा वृटिस सेनामा काम गर्दछन् ।

२००७ सालको प्रजातन्त्र स्थापना पश्चात् देशमा व्यापक रुपमा सर्वसाधारण जनताले औपचारिक शिक्षा प्राप्त गर्न सुरु गरेको अवस्था छ । त्यही क्रममा भोजपुरको ठूलोदुम्मा गाविसमा पनि २०१५ सालतिर गाउँको चौतरामा बालबालिकाहरु भेला पारी पढाउने गरेको पाइन्छ । त्यसक्रममा शिक्षाको महत्व नबुझेर स्थानीय अभिभावकले बालबालिकाहरुलाई पढ्न पठाउन छोडे। गरिवी, पानीको अभाव, विद्यालयको भौतिक संरचना नहुनु, पढेर रोजगारी पाइन्छ भन्ने अवस्था नहुनु, ठूलो परिवार, छोरीलाई विद्यालय नपठाइनु आदि कारणबाट बालबालिका विद्यालय नजाने गरेको पाइयो । औपचारिक शिक्षा लिएका व्यक्तिले रोजगारी पाउने, आफ्नो काम आफैँ गर्ने, शिक्षा नलिए केही नहुने रहेछ भन्ने भावनाको विकास हुँदै गएपछि दुङमाली भाषी राईहरु क्रमशः विद्यालय जान थालेको पाइन्छ । हाल आएर ठूलोदुम्मामा १ माध्यमिक विद्यालय र ३ प्राथमिक विद्यालयसहितका विद्यालयहरुमा दुङमाली भाषी राईहरु पढ्ने गरेको पाइन्छ । आजभोली दुङमाली भाषी राईहरुले आफ्ना बालबालिकालाई अनिवार्य विद्यालय पढाउने गरेको पाइयो ।

स्थानीयबासीसँगको छलफलमा आधारमा दिएको जानकारी अनुसार सूचना प्रविधि र अङ्ग्रेजी शिक्षाले बजार लिएको अहिलेको सन्दर्भमा सामान्य शिक्षा हासिल गरेर केही गर्न सकिँदैन, जीवनमा केही गर्न अगाडी बढ्नका लागि गुणस्तरीय तथा उच्च शिक्षा हासिल गर्नुपर्ने भन्ने चेतना धेरैलाई भएको छ । त्यसैले राई समुदायमा पहिले साक्षर हुनको लागि मात्र पढिन्थ्यो भने अहिले सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्राप्त गर्न, प्रशासनिक तथा वैदेशिक रोजगारमा जानको लागि पनि शिक्षित हुनुपर्दछ भन्ने चेतना वृद्धि भएको छ ।

शिक्षाले मानिसको जीवन सार्थक बनाउनुका साथै सोही अर्थमा जिउन सिकाउछ भन्ने कुरा अहिलेका राई पुस्ताले बुझेका छन् । उनीहरुमा आएको शैक्षिक परिवर्तनका कारण चेतनाको स्तर वृद्धि भई स्वस्थ्य सरसफाई जीवनस्तर सुधार जस्ता सकरात्मक पक्षहरु देखिएका छन् ।

# परिच्छेद पाँच

# निश्कर्ष

माथिको अध्ययन र विश्लेषणबाट दुङमाली भाषि राईहरुको शैक्षिक अवस्था सम्बन्धमा देहायबमोजिमको निश्कर्ष निकाल्न सकिन्छ ।

केही समय अगाडीसम्म यस समाजमा जनचेतनाको कमी र शिक्षाको महत्वलाई आत्मसाथ गर्न नसकेकोले सबैले बालबालिकालाई विद्यालय पठाएका थिएनन् । तर हाल आएर राई विद्यार्थीहरुको माध्यमिक तहसम्म राम्रो उपस्थिति रहेको देखिन्छ । यसो हुनुमा विद्यालयको सुविधा बढ्नु शिक्षाको महत्व बढदै जानु तथा अभिभावकहरुमा आफ्ना बालबालिकाहरुलाई कम्तिमा पनि विद्यालय शिक्षासम्म पढाउनुपर्छ भन्ने धारणाको विकास हुनु प्रमुख कारणहरु हुन् । राई समुदायमा केही समय अगाडीसम्म माध्यमिक तहको शिक्षा पनि कमैले पास गर्दथे । अहिले आर्थिक कमजोरीले गर्दा धेरै अभिभावकहरुले छोराछोरीहरुलाई उच्च शिक्षा पढाउन पाएका छैनन् । आर्थिक अभावका कारण विचैमा पढाई छोडी वैदेशिक रोजगारमा जानेको संख्या पनि ठूलो छ । गरिवी र रोजगारीको न्यून सम्भावनाको कारण यो समुदाय शिक्षा आर्जनबाट वञ्चित भएको पाइएको छ ।

शैक्षिकसत्र २०५१ मा निमावि र २०६६ देखि निजी स्रोतबाट माध्यमिक तह सञ्चालन भएको सूर्योदय माध्यमिक विद्यालयमा शिक्षक अभिभावक तथा वुद्धिजीविको विशेष योगदान छ । २०६८ सालको जनगणना अनुसार नेपालको साक्षरता ६५.९ प्रतिशत रहेको छ, जसमा पुरुष साक्षरता दर ७५.१ प्रतिशत र महिला साक्षरता दर ५७.४ प्रतिशत रहेको छ (अन्तर्राष्ट्रिय मञ्च २०७०:१) । यस ठूलोदुम्माको साक्षरता दर ८३.३४ प्रतिशत रहेको छ भने दुङमाली भाषा बोल्ने राई जातिको साक्षरता दर ७३.३३ प्रतिशत रहेको छ ( स्थलगत अध्ययन र वडा कार्यालयबाट जानकारी) । शैक्षिकस्तरमा आर्थिक अवस्था, चेतना, सामाजिक परम्परा आदि विभिन्न तत्वहरूले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पारेको हुन्छ । यस गाविस र दुङमाली भाषा बोल्ने राई समुदायमा साक्षरता प्रतिशत कम हुनुको प्रमुख कारण गरिबी, चेतनाको कमी तथा शिक्षाको महत्व नबुझ्नु, प्रशस्त मात्रामा जग्गाजमिन नहुनु, जग्गाजमिन थोरै भए पनि भौगोलिक विकटताले गर्दा उत्पादन कम हुनु, पानीको समस्या हुनु आदिलाई लिन सकिन्छ । गाउँकै नजिक मावि हुँदाहुँदै पनि स-साना दुङमाली

भाषा बोल्ने राई बालबालिकाहरूलाई गाउँ नजिकै पढ्न विद्यालय जाने बानी बसाल्नका लागि बालविकास केन्द्र वि.सं. २०६४ सालमा लालिगुराँस प्रा.वि.मा खोलिएको थियो । जुन बालविकास केन्द्रमा दुङमाली भाषा बोल्ने राई बालबालिकाहरूलाई विद्यालय जाने बानी बसाल्न अवसर मिलेको छ ।

ठूलोदुम्माका दुङमाली भाषा बोल्ने राई समुदायमा ७३.३३ प्रतिशत मानिसहरू मात्र साक्षर छन, जसमध्ये पुरुष साक्षरता महिला साक्षरताभन्दा केही प्रतिशतमात्र बढी छ । चालु शैक्षिक सत्र २०७४ मा २३७ दुङमाली भाषा बोल्ने राई विद्यार्थीहरूलाई शिक्षा दिँदै गरेका श्री सूर्योदय मावि, श्री लालिगुँरास प्रा.वि.र श्री ज्योति प्रा.वि. र जाल्पा प्रा.वि.नै ठूलोदुम्माका दुङमाली भाषा बोल्ने राईहरूको पढ्ने प्रमुख सामुदायिक विद्यालयहरू हुन् । किनकि दुङमाली भाषा बोल्ने राई समुदायको नजिकै भएका यी विद्यालयहरू नै आफ्ना छोराछोरीहरू पढाउने सामुदायिक विद्यालयहरू हुन् । सूर्योदय मा.वि.मा ९० प्रतिशत, लालिगुँरास प्रा.वि.मा ८६ प्रतिशत, ज्योति प्रा.वि.मा ६८ प्रतिशत र जाल्पा प्रा.वि.मा ७३ प्रतिशत विद्यार्थी दुङमाली भाषा बोल्ने राई जातिका रहेका छन् । एस.एल.सी. सहित उच्च शिक्षा हासिल गरेका ३२ जना राईहरु जातिहरु रहेका छन् । विद्यालय शिक्षामा बढ्दो सहभागिताले अबको केही वर्षमा दुङमाली भाषी राईहरुको साक्षरता प्रतिशत बढ्दै जाने देखिन्छ ।

राईहरु आजभोली सबैले समान रुपले पढ्न पाउनुपर्छ भनेर बुझ्दछन् । उनीहरुका अनुसार यो सबै समयको माग हो किनभने कुनै पनि काम गर्दा पढाई नभई नहुने भयो र त्यहीअनुसार चल्नुपर्ने भयो । समयानुकुल आधुनिक आधुनिक बन्ने चाहना पुरा गर्न शिक्षा आवश्यक भएकोले समयको माग अनुसार चल्नुपर्ने अवस्था आयो । नपढेका मानिसहरुको विवाह हुन पनि गाह्रो भयो । सरकारले बनएका नीति नियम बुझ्न पनि पढ्नुपर्ने रहेको भन्ने भावनाको विकास भएको पइन्छ । शिक्षित भएका व्यक्तिले राम्रो आम्दानी गरेको देखेर पनि आजभोली बालबालिकालाई विद्यालय अनिवार्य पठाउन थालेको देखिन्छ ।

दुङमाली भाषा बोल्ने राई जातिको शिक्षामा पारिवारिक संरचना, वंशाणगत गुण, सिकाई क्षमता, सिकाई प्रतिको रुचि, विद्यालयको कक्षाकोठा, शिक्षक, साथिभाईको संगत, आर्थिक अवस्था, भौतिक अवस्था, राजनैतिक अवस्था, धार्मिक अवस्था, सांस्कृतिक अवस्था र भाषाले समेत प्रभाव पारेको पाइन्छ । निजहरुको शैक्षिक उपलब्धी वृद्धि गर्न तथा विद्यालयमा दुङमाली भाषा बोल्ने राई जातिका बालबालिकाको संख्या वृद्धि गर्न पढाईमा

आर्थिक सहुलियत, निशुल्क शिक्षा प्रदान, रोजगारमूलक शिक्षा, मातृभाषामा शिक्षाको व्यवस्था हुनुपर्ने देखिन्छ ।

शिक्षा ज्ञानको ज्योति हो । शिक्षा बिना मानवको जीवन अन्धकारमय बन्न सक्छ । त्यसकारण मानव सभ्यताको विकासक्रमसँगै शिक्षाको थालनी भएको पाइन्छ । परापूर्वकालमा अनौपचारिक तरिकाले ठूला, ज्ञानी ब्यक्तिबाट मानिसहरू शिक्षा ग्रहण गर्दथे । प्राचीन कालमा दिइने शिक्षा प्रणाली धार्मिक भावनाबाट ओतप्रोत थियो । परम्परागत शिक्षा लिनको लागि गुरुकुल, आश्रम, मठमन्दिर र गुम्बाहरूमा जानुपर्दथ्यो । तर समयको परिवर्तनसँगसँगै शिक्षा प्रणालीमा पनि परिवर्तन हुँदै आएको पाइन्छ । संसारको शिक्षा विकासको क्रमलाई हेर्दा समान किसिमले सबै ठाउँमा शिक्षाको अवसर प्राप्त नभएको इतिहास छ । नेपालमा संस्कृत शिक्षा, ब्यवसायिक शिक्षा र पश्चिमी शिक्षा गरी तीन तहमा बिभक्त भएको शिक्षा प्रचलनमा पाइन्छ । लिच्छविकालमा कला र संस्कृतिको शिक्षा प्रणालीमा ध्यान दिएको पाइन्छ । मल्लकालमा बेद, ब्याकरण न्याय, दर्शन, ज्योतिष, धर्मशास्त्र, कर्मकाण्ड र नैतिक शिक्षा प्रचलनमा भएको पाइन्छ । राणा प्रधानमन्त्री जंगबहादुर राणा युरोप भ्रमण गरेर फर्केपछि नेपालमा अंग्रेजी शिक्षाको थालनी भएको थियो । २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि देशभर शिक्षा र चेतनाको विकासका लागि सरकारी स्तरबाट देशभर विद्यालय खोल्नेक्रम तीव्र भयो । शिक्षा ब्यक्ति एंव समाज विकासका लागि मेरुदण्ड हो । शिक्षा नै समाज परिवर्तनको बाहक हो भन्ने उदेश्यले २०४६ सालको जनआन्दोलन पश्चात स्थानीय निकायबाट विद्ययालय खोल्ने र शैक्षिक स्तरमा बृद्धि गर्नको लागि स्थानीय स्रोत साधन लगानी गरेको पाइन्छ । यस ठूलोदुम्मामा पनि शैक्षिक स्तर उकास्न यहाँका बुद्धिजीवी, विद्वान, शिक्षाविद्,, समाजसेवी लागि परेर ४ वटा शैक्षिक संस्थाहरू १ मा वि, ३ वटा प्रा.वि. स्थापना गरेको पाइन्छ । यी शैक्षिक संस्थाहरूबाट यस गाविसका पढ्ने उमेर भएका बालबालिकाहरूले शिक्षा हासिल गरिरहेको देखिन्छ । शैक्षिक जागरण र विकासको लहर हालका दिनमा उत्साहपूर्वक रूपमा अगाडि बढिरहेको देखिन्छ ।

# सन्दर्भ-सामग्री

उपाध्याय, श्रीरामप्रसाद (२०६२), नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास, काठमाडौंः रत्न पुस्तक भण्डार ।

उप्रेती, प्रेमनारायण र कृष्णबहादुर थापा (२०५३), नेपालको संक्षिप्त सामाजिक, आर्थिक तथा कूटनीतिक इतिहास, काठमाडौं : साझा प्रकाशन ।

काफ्ले, मायाप्रसाद (२०५५), राजनीतिशास्त्र, नागरिकशास्त्रको आधुनिक सिद्धान्त, काठमाडौंः भुवन प्रकाशन ।

के.सी., सुरेन्द्र (२०५९), आधुनिक नेपाल, काठमाडौं : पैरवी प्रकाशन ।

कँडेल शर्मा, देवीप्रसाद (२०५४), आधुनिक नेपालको इतिहास, काठमाडौं : रत्न पुस्तक भण्डार ।

गुरुङ, कृष्ण (२०५६), नेपाल परिचय, काठमाडौं : भुँडीपुराण ।

गुरुङ, दीर्घमान र ईश्वर सुवेदी (२०६४), गणतन्त्र उन्मुख नेपाल, काठमाडौं : के.पी. पुस्तक भण्डार ।

दाहाल पेशल र सोमप्रसाद खतिवडा (२०५७), नेपाली समाज र संस्कृति, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

बज्राचार्य, पुष्परत्न (२०२६), हाम्रो चाडपर्व, काठमाडौंः रत्न पुस्तक भण्डार ।

भट्टराई, ज्ञानेश्वर (२०६०), बृहत ज्ञानकोश, काठमाडौंः आशिष पुस्तक भण्डार ।

भोजपुर जिल्ला पार्श्वचित्र-२०७४, जिल्ला समन्वय समिति, भोजपुर ।

ठूलोदुम्मा गा.वि.स. पार्श्वचित्र-२०७१, ठूलोदुम्मा गा.वि.स. को कार्यालय ।

पौवादुङमा गाउँपालिका कार्यालय, भोजपुर ।

सूर्योदय मावि ठूलोदुम्मा तथा अन्य प्राथमिक विद्यालयहरु ।

सुवेदी, राजाराम (२०६१), नेपालको तथ्य इतिहास, काठमाडौं : साझा प्रकाशन ।

पुन, यामबहादुर (२०११), उच्च शिक्षामा सहभागिताः असमानाताका समसामयिक आयाम । सम्पादक प्रमोद भट्ट, पृष्ठ ७१/९९, मार्टिन चौतारी काठमाडौँ

भट्ट, प्रमोद, एजुकेसन इन नेपाल :- मार्टिन चौतारी काठमाडौँ ।

राई, निराजन, दुङमाली भाषा व्याकरणः- काठमाडौँ ।

**शोध ग्रन्थहरू**

थामी, राजन (२०७१), सिन्धुपाल्चोक सुनखानीका थामी जातिको शैक्षिक अवस्था एक अध्ययनः- पृथ्वीनारायण क्यम्पस पोखरा ।

तामाङ, एमबहादुर (२०७१), उदयपुरका तामाङ बालबालिकाको शैक्षिक अवस्था एक अध्ययनः सूर्य नारायण बहुमुखी क्याम्पस सिराहा ।

**पत्रपत्रिका**

अन्तर्राष्ट्रिय मञ्च (नेपाल सम्बन्धी बार्षिक अंक २०७०), २०६८ जनगणना जनसंख्याका विविध तथ्य, काठमाडौँ : रञ्जु अधिकारी ।

जनजाति वर्गीकरण कार्यदल (२०६०) “राष्ट्रिय आदिबासी जनजाति महिला महासंघ” भोजपुर जिल्ला समन्वय परिषद् ।

नेपाल जीवनस्तर सर्भेक्षण, २०११ केन्द्रीय तथ्याङक विभाग, काठमाडौँ

फ्लायस रिपोर्ट, २०१७ शिक्षा विभाग, काठमाडौँ

# परिशिष्ट नं. १

## सर्वसाधारण व्यक्तिलाई सोध्ने प्रश्नावलीको नमुना

१. घरमुलीको नाम :

२. उमेर/ शिक्षा :

३. पेशा : क) कृषि ख) नोकरी ग) ब्यापार घ) अन्य

४. धर्म : क) हिन्दु ख) किराँत ग) क्रिश्चियन घ) अन्य

५. पारिवारिक स्थिति / जम्मा परिवार संख्या :

६. तपाई यहिको बासिन्दा हो वा बसाईँ सरी आउनु भएको हो ?

क) स्थानीय ख) बसाई सरी आएको

७ तपाइले नेपाली भाषा बाहेक अन्य कुन-कुन भाष जान्नु भएको छ ?

क) नेपाली ख) मातृभाषा ग) अन्य

८. तपाईको कस्तो प्रकारको परिवार हो ?

क) एकल ख) संयुक्त

९ तपाईको परिवारमा कुनै पनि महत्वपूर्ण निर्णय गर्नुपर्दा परिवारसँग सल्लाह गर्नुहुन्छ कि आफू एक्लै गर्नुहुन्छ ?

क) एक्लै गरिन्छ ख) परिवारसँग सल्लाह गरेर गरिन्छ

१०. कुनै पनि काम गर्दा महिला सदस्यलाई सोध्नु पर्ला कि नपर्ला ?

क) सोध्नुपर्ला ख) सोध्नु पर्दैन

११. अन्य जातिहरूसंख्या तपाइको सम्बन्ध कस्तो छ ?

क) राम्रो छ ख) राम्रो छैन

१२. तपाइको छोराछोरी विद्यालय जान्छ कि जादैन ?

क) जान्छ ख) जाँदैन

१३. तपाईको विचारमा छोराछोरीलाई पढाउनु पर्छ कि पर्दैन ?

क) पढाउनु पर्छ ख) पढाउनु पर्दैन

१४. छोराछोरीलाई विद्यालयमा पढाएपछि तपाईले के कस्तो उनीहरुबाट के कस्तो अपेक्षा राख्नुभएको छ ?

तपाईको अमूल्य समय दिनुभएकोमा हार्दिक धन्यबाद ।

# परिशिष्ट नं. २

## प्रमुख व्यक्तिलाई सोध्ने प्रश्नावलीको नमुना

१. घरमुलीको नाम :

२. उमेर/ शिक्षा :

३. पेशा : क) कृषि ख) नोकरी ग) ब्यापार घ) अन्य

४. धर्म : क) हिन्दु ख) किराँत ग) क्रिश्चियन घ) अन्य

५. पारिवारिक स्थिति / जम्मा परिवार संख्या :

६. तपाईका छोराछोरी विद्यालय जान्छन् की जाँदैनन्? छोरा र छोरीलाई शिक्षामा समान अवसर दिनुपर्छ की पर्दैन? तपाईलाई कस्तो लाग्छ ?

उत्तरः-

७. यहाँ पहिले र अहिले शिक्षाको अवस्थामा के कस्तो रहेको छ?

उत्तर :

८. तपाइले नेपाली भाषा बाहेक अन्य कुन-कुन भाष जान्नु भएको छ ?

क) नेपाली ख) मातृभाषा ग) अन्य

९. यहाँ औपचारिक शिक्षाको सुरुवात कसरी भयो? सुरु अवस्थामा विद्यालयहरु के कसरी सञ्चालन भएका थिए?

उत्तरः-

१०. दुङमाली भाषी राई समुदायको शैक्षिक उपलब्धीमा प्रभाव पार्ने तत्वहरु के के हुन्?

उत्तरः-

११. दुङमाली भाषी राईको शैक्षिक उपलब्धी वृद्धि गर्न सरकारका तर्फबाट कस्तो कार्यक्रम गर्नुपर्ला ?

उत्तरः-

१२. विद्यालय स्थापना पूर्व यस क्षेत्रमा कसरी शिक्षा दिइन्थ्यो ?

उत्तरः-

१३. शिक्षा आर्जनपछि यस क्षेत्रका राई जातिको जीवनस्तरमा के कस्तो परिवर्तन भएको पाउनुभएको छ ?

उत्तरः-

१४. विद्यालय शिक्षामा सहभागि भएका र नभएका राईहरुको सो प्रतिको धारणा कस्तो छ?

उत्तर

१५. शिक्षा आर्जनबाट यहाँका राई जातिले के कस्तो अपेक्षा गरेका छन् ?

उत्तर

तपाईको अमूल्य समय दिनुभएकोमा हार्दिक धन्यबाद ।